# अध्याय : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव विकासको इतिहास निकै लामो छ। प्रारम्भमा मानिस असङ्गठित रूपमा थियो। आदिम शिकारी तथा कन्दमुल बटुल्ने मानवसमाज नितान्त घुमन्ते प्रकृतिको थियो। समाज विकासको लामो कालखण्डपछि संगठनात्मक व्यवहारहरूको विकास भई बसोबासमा केहि स्थायित्व आउन थाल्यो। यसै समयदेखि मानव समाजमा सुक्ष्म तहका सामाजिक संस्था अप्रत्यक्ष रूपमा विकास हुन थाले आफ्नो सामाजिक आवश्यकताहरू पुरा गर्न विभिन्न सामाजिक संस्थाको जन्म भयो। अव्यवस्थित र अनियन्त्रित यौन सम्बन्धलाई व्यवस्थित पार्न विवाहको प्रचलन विकास भयो। यसबाट बालबच्चाको पालनपोषणमा स्थायित्व र जिम्मेवारीको बोध लोग्ने मानिसमा पनि हुन गयो। विवाहले श्रीमान्, श्रीमती, बालबच्चा भन्ने जस्ता अवधारणाको विकास हुन पुगे यसपछि मात्र बाबु आमा छोराछोरी लगायत द्वितीय तृतीय स्तरमा नातासम्बन्धको विकास भएको पाइन्छ। नातासम्बन्धले तत्कालित असंगठित समाजलाई संगठित गरेको हो।

परिवार सामाजिक संस्था हो, परिवारको उत्पत्ति निकै प्राचिन समयदेखि भएको मान्न सकिन्छ। सामाजिक आवश्यकता परिपूर्ति गर्ने उद्देश्यले मात्र नभई समाज विकासको प्रक्रियालाई निरन्तरता दिन र सामाजिक व्यवहारहरू प्रचलन, मान्यता तथा सामाजिकिकरणको प्रक्रियालाई एक पिढीबाट अर्को पिढीमा हस्तान्तरण गर्ने उद्देश्यले दुई वा दुई भन्दा बढी सदस्यहरूको अन्तरसम्बन्धित तथा अन्योन्याश्रीत संस्था नै परिवार हो। जहाँ कम्तीमा लोग्ने स्वास्नी र तिनका छोराछोरी रहेका हुन्छन्। परिवारको सदस्यहरूको अन्योलाश्रित सम्बन्धले नै परिवारलाई जीवन्तता दिएको हुन्छ (शर्मा, २०६९)।

नेपालको अन्तरिम संविधान २०६३ ले जमिनमा महिलाको स्वमित्व बढाउने उद्देश्यले महिलाको नाममा घरजग्गा दर्ता गर्दा २५ प्रतिशत छुट दिने नीति ल्याएपछि महिलाहरूको जग्गा जमिनमाथि स्वामित्व बढेको देखिन्छ। २०५८ सालको जनगणनामा कुल परिवारको ९.११ प्रतिशत परिवारमा महिलाको नाममा घरजग्गा रहेको थियो, भने २०६८ सालको जनगणनामा स्वामित्व बढेर १९.७१ प्रतिशत रहेको छ। यस्तै महिला घरपरिवार मूली २०५८ सालको जनगणनामा १४.८७ प्रतिशत रहेकोमा २०६८ सालको

जनगणनामा ११ प्रतिशतले वृद्धि भई २५.७३ प्रतिशत पुगेको देखिन्छ । (केन्द्रिय तथ्याङ्क विभाग, २०६८)

परम्परागत समयमा पुरुषमाथी नै सम्पत्तिको स्वामित्व भएको र अशिक्षा र गलत सामाजिक धारणाले गर्दा पुरुष सरह अधिकार महिलाले प्राप्त गरेको अवस्था थिएन तर वर्तमान समयमा महिलाहरूको सम्पत्तिमाथी स्वामित्वको अवस्था बढ्दै गएको छ। महिलाहरू शिक्षित हुनु, आफैं पनि रोजगारी गरी आर्यआर्जनका कार्यमा सरिक हुनु, समयसँगै सरकारका नितीहरू र कानूनहरू परिर्वतन हुदैं जानु मुख्य कारणहरू रहेका छन् ।

## १.२ समस्याको कथन

हाम्रो नेपाली समाजमा अझै पनि लैङ्गीक भेदभाव र असमानताहरू पाइन्छ । यो विशेषगरी सम्पत्तिको स्वामित्व र निर्णय प्रक्रियामा देख्न सकिन्छ। नेपालको जनसंख्याको आधा हिस्सा रहेको महिलाहरूमा पुरुषको तुलनामा सम्पत्तिमाथीको स्वामित्व अत्यन्तै न्यून रहेको छ। अधिकांश महिला कृषिमा सहभागिता रहेतापनि जमिनमाथी महिलाको स्वामित्व निकै कम देखिन्छ। महिलाहरू घरभित्रै सिमित हुनुपर्ने बालबच्चा हुर्काउने, चुल्होचौको बुढाबुढी स्याहार सुसार, गाईवस्तुको हेरचाह र मेलापातमा अधिकांश नेपाली महिलाहरूले समय बिताउनुपर्ने अवस्थाले गर्दा आर्थिक वृद्धि योग्यता र सिप बढाउने कार्यमा उनीहरूको पहुँच अझ पुग्न सकेको छैन। नेपाली समाजमा महिलाको सम्पत्तिमाथीको पहुँच तथा सम्पत्तिमाथी निर्णय प्रक्रियामा महिलाको आवश्यकतालाई महशुस नै गरिदैन, एकातिर निजी परिधिबाट माथि उठ्न नसक्नु, अर्कोतिर उनीहरूले गर्ने घरायसी कार्यको उचित मूल्याङ्कन नगरिनुले नेपाली महिलाको स्थिति पुरुषको तुलनामा निकै तल देखिन्छ। महिलाहरूको सम्पत्तिमाथीको पहुँचका बारेमा खासै अध्ययन भएको पाइँदैन । त्यसैले यस अध्ययनले त्यस क्षेत्रका महिलाको सम्पत्तिमाथीको स्वामित्वको वास्तविक स्थिति खोज्ने हेतुले यस अनुसन्धानमा निम्न प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ ।

क) महिलाहरूको पारिवारीक सम्पत्तिमाथीको पहुँचको अवस्था कस्तो छ ?

ख) महिलाहरूले पारिवारिक सम्पत्ति उपभोग गर्न पाएका छन् वा वञ्चित गरिएको छ ?

ग) विवाहित महिलाहरूको पारिवारिक सम्पत्ति परिचालनमा के-कस्तो भूमिका रहेको छ ?

## १.३ अनुसन्धानको उद्देश्य

यस अनुसन्धानको सामान्य उदेश्य विवाहित महिलाहरूको आफ्नो पारिवारिक सम्पत्तिमाथी स्वामित्व बारेमा अध्ययन गर्नु रहेको छ भने यसको विशिष्ट उदेश्यहरू निम्न अनुसार रहेका छन् :

क) विवाहित महिलाहरूको पारिवारिक सम्पत्ति माथीको स्वामित्वको स्थिति पत्ता लगाउने ।

ख) विवाहित महिलाहरूको पारिवारिक सम्पत्ति भोग चलन तथा निर्णय सम्वन्धि भूमिका विश्लेषण गर्ने ।

## १.४ अध्ययनको औचित्य र महत्व

हाम्रो नेपाली समाजमा महिलाहरूमाथी विभेदका क्रियाकलापहरू भइरहेका छन् । जुनसुकै समाजमा पनि मानवीय आवश्यकता परिपूर्ति गराउनका लागि स्रोत साधन जुटाउनुपर्छ । यही क्रममा मानिसले परिश्रम वा अन्य कुनै कामकाज गरी प्राप्त गर्ने चिज, वस्तु चल अचल वस्तुलाई सम्पत्ति भनिन्छ । सम्पत्तिको प्रभाव मानव जिवनमा महत्वपूर्ण हुन्छ । साम्पत्तिक अधिकारबाट कोहीपनि बञ्चित हुनुहुँदैन । यसरी परिवारमा रहेको सम्पत्तिमा पनि पत्नीको समान स्वामित्व हुनुपर्दछ ।विषयवस्तुको गम्भिर्यतालाई हेर्दा नेपालमा जनसंख्याको हिसावले आधाभन्दा बढी स्थान ओगटेका महिलाहरूको बारेमा जानकारी राख्नु उनीहरूको पैतृक सम्पत्तिमा समान अधिकार र त्यसको प्रभावको बारेमा जानकारी राख्ने जो कोहिका लागि पनि उपयोगी र यथार्थपरक हुनेछ । साथसाथै महिलाहरूको पारिवारिक सम्पत्तिमा कस्तो पहुँच छ ? यसको बारेमा खोज अनुसन्धान गरी त्यसको निश्कर्ष निकाल्न जरुरी भएको हुँदा यसको औचित्य वर्तमानमा सान्दर्भिक हुनेछ । यस अध्ययनले अध्ययन क्षेत्रका महिलाहरूको सम्पत्ति माथीको स्वामित्वको स्थिति विश्लेषण गर्न विभिन्न शिर्षकहरू जस्तै पैतृक सम्पत्तिमा, दाइजो, निजी सम्पत्ति वा पेवा, व्यापार व्यवसायमा, घरायसी अन्य आम्दानीमा उत्तरदाताको स्वामित्व, नोकरी, वैदेशीक रोजगारी छोराछोरीको कमाई र स्वआर्जनमा गरिएको छ ।

## १.५ अध्ययनको सिमा

प्रस्तुत अध्ययन कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं १७ स्थित शेरा जागृति टोल जसमा १०२ घरधुरी मध्ये ७५ घरधुरीका विवाहित महिलाहरूमात्र सीमित रहेको छ । एक घरधुरीमा सासु बुहारी मध्ये एक महिलाको मात्र अध्ययन गरिएको छ । यस

अध्ययनमा विवाहित महिलाहरूको सम्पत्तिमाथीको स्वामित्वको अवस्था अध्ययन गरीएको हुँदा अविवाहित महिलाहरूलाई समेट्न सकिएको छैन ।

## १.६ अध्ययनको संगठनात्मक ढाँचा

सम्पुर्ण शोध पत्रलाई सात अध्यायमा विभाजन गरिएको छ। यस क्रममा पहिलो खण्डमा सामान्य परिचयलाई समेटिएको छ। यस भित्र पृष्ठभुमि, समस्याको कथन, अनुसन्धानको उदेश्यहरू, अध्ययनको औचित्य र महत्व, अध्ययनको सीमा, अध्ययनको संगठनात्मक ढाँचा, समेत समावेश गरिएको छ ।

दोस्रो अध्यायमा सैद्धान्तिक पुनरावलोकनलाई समेटिएको छ। सो अध्याय भित्र उत्पादन प्रणाली र सम्पत्तिमाथी पहुँचको अवधारणा, पितृसत्ता र सम्पत्तिमाथी पहुँचको अवधारणा बारेमा पनि उल्लेख गरिएको छ । साथै महिलावादी दृष्टिकोण र सम्पत्ति पहुँचको अवधारणा भित्र उदारवादी महिलावाद, मार्क्सवादी महिलावाद, मानव सभ्यता र नारी, विश्वमा महिला आन्दोलन, नेपालको महिला आन्दोलन र महिलाको सामाजिक स्थितीलाई समेटीएको छ ।

तेस्रो अध्यायमा अनुसन्धान विधि समेटिएको छ। यस भित्र अध्ययन क्षेत्रको छनोटको औचित्व, अनुसन्धान ढाँचा, नमुना छनोट विधि, तथाङ्कको स्रोत र प्रकृति, प्राथमिक तथाङ्क संकलन विधी, वैयक्तिक अध्ययन, तथ्याङ्क विश्लेषण एवं प्रस्तुतिकरण उल्लेख गरिएको छ ।

चौथो अध्यायमा उत्तरदाताहरूको सामाजिक तथा जनसांख्यिक विश्लेषण भित्र उमेरगत विश्लेषण, धर्म मूल्यमान्यता, शौक्षिक स्थिती, जातिगत अवस्था, परिवारको स्वरूप, र परिवारको प्रकार उल्लेख गरिएको छ ।

पाँचौ अध्यायमा उत्तरदाताको सम्पत्तिमाथिको स्वामित्वको अवस्थाको बारेमा विभिन्न शीर्षकमा उल्लेख गरिएको छ। त्यस शीर्षक अन्तर्गत रहेर महिलाको सम्पत्तिमाथीको स्वामित्वको अवस्था विश्लेषण गरिएको छ ।

छैटौ अध्यायमा उत्तरदाताको सम्पत्ति भोगचलन तथा निर्णय प्रक्रियाको अवस्थाको बारेमा विश्लेषण गरिएको छ ।

सातौ अध्यायमा अनुसन्धानको सारांश र निष्कर्षलाई राखिएको छ। त्यस पछि सन्दर्भ सामाग्रीहरूको सुची, अन्तरवार्ता अनुसूची राखिएको छ ।

# अध्यायः दुई

# सान्दर्भिक साहित्यको सिंहावलोकन

## २.१ सैद्धान्तिक समिक्षा

यस शोध अध्ययनका क्रममा विषय वस्तु सँग सम्बद्ध रहेर यसअघि भएगरेका शोध अध्ययन तथा प्रतिवेदन विषयगत अवधारणहरु, सम्बद्ध ऐन कानूनहरु विषय सम्बद्ध आलेक तथा पुस्तक आदिको गहन अध्ययन गरि संक्षिप्त समिक्षा प्रस्तुत गरिएको छ ।

### २.१.१ उत्पादन प्रणाली र सम्पत्तिमाथी पहुँचको अवधारणा

उत्पादन प्रणाली आधारण संरचना र उपरीसंरचना मार्क्सवादी मान्यताअनुसार मानिसद्वारा नै समाजको निर्माण उत्पादन गरेर मानिसले समाजलाई निरन्तरता प्रदान गर्दछ। यसैगरी समाजको विकास र परिवर्तन उत्पादन प्रणालीको स्वरूपको आधारमा हुने गर्दछ। मार्क्सवादी दृष्टिकोणको मुख्य आधारशिलाको रूपमा रहेको विषयबस्तु नै आधारसंरचना, उत्पादनका शक्तिहरू अथवा उत्पादनका साधनहरू र उत्पादनका सम्बन्धहरू मिलेर बनेको हुन्छ। जसलाई समग्रमा उत्पादन प्रणाली भन्ने गरिन्छ। उत्पादनका शक्ति भन्नाले उत्पादन गर्न प्रयोग गरिने बस्तुहरू हुन्। जसमा उत्पादनका साधनहरू र श्रम शक्ति मानसिक र शारीरिक क्षमताहरू पर्दछन्। उत्पादनका साधन भन्नाले प्राकृतिक श्रोत, कच्चा पदार्थहरू र उत्पादनका औजारहरू हलो, ट्रयाक्टर, कुटो, कोदालो र विभिन्न मेशिनहरू आदी पर्दछन्। उत्पादनका सम्बन्ध भन्नाले मानिस र उत्पादनशिल शक्तिहरूबिचको नियन्त्रण गर्ने शक्ति सम्बन्ध हो। यी विभिन्न समाजहरूमा फरक फरक रूपमा रहेको हुन्छ। प्रकृतिमा रहेका बस्तुहरूलाई प्रत्यक्ष वा सिधै उपभोग गर्न सकिंदैन। यसैले मानिसहरूले आफ्नो आधारभूत आवश्यकता परिपूर्तिका लागि विभिन्न प्रविधिको प्रयोगबाट तिनीहरूलाई उपभोग गर्दछन्। मानवीय श्रमको कारणले प्राकृतिक वस्तुको स्वरूपमानै परिवर्तन आउने गर्दछ। यसकारण मानिसहरू बाच्नका लागि बस्तुको उत्पादन गर्ने प्रक्रियालाई उत्पादन प्रणाली भनिन्छ। आधारसंरचना हो वा उत्पादनका शक्तिहरू र उत्पादनका सम्बन्धहरूको आर्थिक संरचना हो। यो उत्पादनमा संलग्न सम्पूर्ण तत्वबाट निर्मित हुन्छ। साथै यो समाजको आधारशिला हो(Bilton,2005)।

आधारसंरचना भनेको उत्पादन प्रणाली उत्पादनका शक्तिहरू र उत्पादनका सम्बन्धहरू हो। उत्पादनका सम्बन्ध, उत्पादन प्रणाली र उत्पादनका शक्तिसँग रहेको हुन्छ।

उपरीसंचना भन्नाले समाजका सम्पूर्ण अंगहरू र परिवार, समुदाय, राज्य, शिक्षा, विचार चाहना आदर्श धारणा दर्शन कानून नितीशास्त्र धर्म आदी पर्दछन्। जुन उत्पादन प्रक्रियामा प्रत्यक्ष संलग्न भएका हुँदैनन् जसले समाजमा उत्पादनका साधनमाथि जुन वर्गको स्वामित्व छ, सोही वर्गको रक्षा गर्नको लागि उपरी संरचनाको निर्माण हुन्छ।

मार्क्सवाद दृष्टिकोणको मान्यता अनुसार उपरीसंरचनालाई आधार संरचनाले निर्धारण गरेको हुन्छ। समाजमा जस्तो उत्पादन प्रणालीको स्वरूप छ त्यस्तै उपरी संरचनाको सृष्टि हुन्छ यस सम्बन्धमा मार्क्सले खास उत्पादन प्रणालीको निम्न अनुसार विभाजन गरेका छन् (Bilton,2005)।

क) आदिम उत्पादन प्रणाली

ख) दास उत्पादन प्रणाली

ग) सामन्तवादी उत्पादन प्रणाली

घ) पुँजीवादी उत्पादन प्रणाली

ङ) समाजवादी उत्पादन प्रणाली

विभिन्न युगमा उत्पादन प्रणालीको आधारमा उत्पादन समाजको निर्धारण भएकोछ। तीन महत्वपर्ण युग कालहरू जस्तै प्राचिन रोम र युनानका परम्परागत समाजहरू मध्येयुगमा सामन्ती समाजहरू र पुँजीवादी युग यी सबै युगका समाजहरू उत्पादन प्रणालीबाट निर्देशित र निर्धारण थिए। विभिन्न युगमा शोषण र शोषित बिच द्वन्द्व भएकाले समाज परिवर्तन हुँदै आएको छ (Bilton,2005)।

शिकारी युगमा कुनैपनि समूहको अधिपथ्य नहुनु, पशुपालक समाजमा पुरुष वर्गको अधिपथ्य हुने, कृषि समाजमा भूमि पूँजीपतिहरूको अधिपथ्य रहनुले उत्पादनको सामान जसको हातमा रहन्छ उसैले समाजमा अधिपथ्य जन्माउँछ। राज्यको सच्चा शासक उही वर्ग हुन जान्छ र उही वर्गको शोषण अधिपथ्य र शासन रहेको वर्गीय समाजको विकास हुन्छ। सामाजिक जिवनका सम्पूर्ण वस्तुहरूको आधार उत्पादन प्रणालीको स्वरूपमा गरिएको हुन्छ। समूहमा रहेको उत्पादन प्रणालीनै आधार संरचनाको रूपमा विचार, चाहना, धारणा दर्शन आदीको प्रकृति निर्धारण गर्दछ। साथै उत्पादन प्रणालीमा आएको परिवर्तननै

उपरीसंचरनाको स्वरूपमा विस्तृत प्रंकारको फेरवदल ल्याउँछ आधार संरचना भनेको आर्थिक शक्ति र उत्पादन प्रणाली हो जसबाट उत्पादनको सम्वन्धको सृजना हुन्छ। खास खालको उत्पादन व्यवस्थाले नै निश्चित उपरी संरचनाको निमार्ण हुन्छ(Bilton ,2005) ।

यस अनुसन्धान पद्दतिमा विवाहित महिलाहरूको पारिवारिक सम्पत्तिमाथीको पहुचँका बारेमा अध्ययन गर्दा शेरा जागृति टोल-१७ का विबाहित महिलाहरूको पारिवारक सम्पतिमाथीको पहुचँलाई मार्क्सवादको उत्पादन प्रणाली, आधार संरचना र उपरिसंरचना सगँ जोडिएर अध्ययन गरिएको छ। मार्क्सवादी दृष्ट्रिकोणको मान्यता अनुसार उपरीसंरचनालाई आधारसंरचनाले निर्धारण गरेको हुन्छ भन्ने नै हो। समाजमा जस्तो उत्पादनको प्रणालीको स्वरूप छ यस्तै उपरी संरचनाको सृष्टि हुन्छ यसलाई पुष्टि गर्नका लागी केहि ऐतिहासिक युगहरूलाई मोटो अर्थमा भएपनि हेर्न सकिन्छ जस्तै शिकारी युगमा कुनै पनि समुहको अधिपत्य नहुनु, पशुपालक समाजमा पुरुष वर्गको अधिपत्य हुनु, कृषि समाजमा भूमिपतिको प्रमुख रहनु र पुँजीवादी समाजमा पुँजीवादीहरूको अधिपत्य देखिनुबाट के निष्कर्षमा पुग्न सकिन्छ भने उत्पादनको साधन जसको हातमा रहन्छ, उसैले समाजमा अधिपत्य जमाउँछ, यसरी विवाहित महिलाको नाममा उत्पादनका साधन (सम्पत्ति) भएमा महिलाहरू आफ्नो निर्णय आँफै गर्न सक्षम हुन्छन्। यसै गरी महिलाहरूमा पनि सम्पत्ति माथीको स्वामित्व भएमा उनीहरूको स्थिती मजबुत हुन्छ। उत्पादनका साधनहरू महिलाहरूको हातमा भएमा महिलाहरू सक्षम हुने, आफ्नो लागी राम्रो नराम्रो छुट्टाउन सक्ने, शौक्षिक अवस्था, रोजगारीको अवस्था सबै पक्षहरूमा सकरात्मक प्रभाव पर्दछ। समाजमा आर्थिक आधार बलियो भयो भने समाजका उपरिसंरचा पनि बलियो र राम्रो हुन्छ। यसैगरी महिलामा पनि सम्पत्तिको स्वामित्व भएमा उनीहरूको स्थिती मजबुत हुन्छ।

### २.१.२. पितृसत्ता र सम्पत्तिमा पहुँचको अवधारणा

पितृसत्ताले संरचनात्मक रूपमा नै परिवारका महिलाहरू अन्य पुरुषहरू केटाकेटि वृद्धवृद्धा, अशक्त र घरेलु कामदारलाई घरको मुख्य पुरुषको नियन्त्रणमा राखेको छ। पितृसत्तामा घरपरिवार समाज र राष्ट्रको मुख्य रूपमा पुरुषहरू रहेका हुन्छन्। पितृसत्तात्मक व्यवस्थामा महिलाहरूको श्रमशक्तिको उत्पादन, महिलाको प्रजनन शक्ति, महिलाको यौनिकता, गतिशिलता र सम्पत्ति व्यवसाय तथा अन्य आर्थिक स्रोत साधनमा पुरुषको नियन्त्रण हुन्छ। पितृसतात्मक व्यवस्थामा पुरुषको स्थान उच्च हुन्छ। पुरुषका हातमा सामाजिक, आर्थिक, धार्मिक शक्ति हुन्छ तर महिलाहरू शक्ति र अधिकारबाट

बञ्चित हुन्छन् । फलस्वरूप नारीहरू पुरुषको इच्छा र चाहना अनुसार दविएका हुन्छ अनि शोसिएका हुन्छन् । महिला दमन र शोषण विश्वव्यापी रूपमा रहेको देखिन्छ । नेपालको सन्दर्भमा महिलाहरू पुरुष सरह सामाजिक, सांस्कृति, अधिकारबाट बञ्चित रहेका छन् ( भार्सिन, २००३) ।

निश्कर्षमा के भन्न सकिन्छ भने पितृसत्ताका कारण समाजमा पुरुषहरूबाट महिलाहरू संस्थागत रूपमा शोषण र दमित छन् । तर पछिल्ला समयमा विकास भएका नारीवादी आन्दोलन, मानव अधिकारवादी आन्दोलन र सामाजिक जागरण आदी जस्ता कारणबाट पितृसत्ता भित्रै अत्यन्त न्यून मात्रामा भएपनि महिलाको अधिकार स्वतन्त्र र न्यायमा अभिवृद्धि भएको पाइन्छ (आचार्य, २०६०) ।

अध्ययन क्षेत्रमा पनि पितृसत्तानै कायम रहेको छ । जसमा पुरुषमाथी नै सम्पत्ति तथा घरायसी निर्णय प्रक्रियाको भूमिका उच्च रहेको छ । सम्पत्तिमाथी केहि महिलाको स्वामित्व देखिएपनि त्यसको किनबेच आदी निर्णयहरू पुरुषलेनै गर्ने गर्दछन् । केहि महिलाहरू पेशा व्यवसायमा लागेता पनि अधिकांश महिलाहरू घरायसी कार्यमा नै सिमित रहेका छन् । उत्पादनका साधन, धन, सम्पत्ती, निर्णय प्रक्रिया सबैमाथी पुरुषहरूको स्वामित्व रहेको छ । पछिल्ला समयमा महिलाहरू पनि शिक्षित हुन थालेपछि विस्तारै विस्तारै महिलाहरूमा पनि सम्पत्तिको स्वामित्व तथा निर्णय प्रक्रियामा भूमिका बढ्दै गएको छ ।

### २.१.३ महिलावादी दृष्टिकोण र सम्पत्ति माथि पहुँचको अवधारणा

महिलावादी सिद्धान्त भन्नाले महिलाको सामाजिक परिवेश, हक, अधिकार, वास्तविक स्थिति आदीका बारेमा विभिन्न विद्वानहरू तथा विचारकहरूको मत हो । यस सम्बन्धमा विभिन्न मत र विचारहरूमध्ये प्रमुख निम्नानुसार छन् ।

#### क) उदारवादी महिलावाद

यसवादको सुरुवात १६ औं र १७ औ शताब्दी देखि भएको हो भने १९ औ शताब्दीको अन्त्यतिर निकै व्यापक रूपमा देखा परेको थियो यो महिला र पुरुष बीचमा समानता हुनुपर्दछ भन्ने सिद्धान्त हो । यसले महिला र पुरुषका हरेक पक्षमा समानता हुनुपर्छ र समानताका लागि समान ज्यालामा जोड दिनुपर्दछ । पारिवारिक दायित्व, घरायसी क्रियाकलाप, श्रम बजारका हरेक पक्षमा समानता हुनुपर्दछ, महिलाको विश्वास बढाउने, क्षमताको विकास गर्न र निर्णय गर्ने स्थितीमा पुयाउन सहयोग पुऱ्याउने कार्यक्रमलाई प्राथमिकता दिन्छ । साथै यसले वर्तमान पितृसतात्मक र सामाजिक संरचना भित्र समानता

संभव रहेको देखाउछ। उदारवादले कार्य रुची, रोजाई, आकांक्षाको रोजाईलाई पुरुष सरह आफ्नोक्षमता देखाउन सक्दछ। यस्तो समानतालाई आफै निरन्तरता दिन सक्दछ भन्दै राजनीतिक र कानुनी सुधारको माध्यमबाट महिला र पुरुषमा समानता ल्याउन सकिन्छ भन्ने अपेक्षा गर्दछ। यसले महिला र पुरुषबिच व्यक्तिगत स्वतन्त्रता सम्वन्ध र अन्तरक्रियालाई समाजमा नारी पुरुषकाबिच लैङ्गिक समानता ल्याउने शुरु र आधार विन्दु हो भन्ने मान्यताको आधारमा विश्लेषण गर्दछ। सबै महिलाहरूमा समाजमा लैंगिक समानता प्राप्त गर्ने सामार्थ्य हुन्छ। त्यसैले समाजको आधारभुत संरचना परिर्वतन नगरी समानता प्राप्त सम्भव छ भन्ने दावी गर्दछ (Abbott, 1997)।

अध्ययन क्षेत्रमा विवाहित महिलाहरू पछिल्लो समयमा शिक्षा तथा चेतनाका कारण उनीहरू आयआर्जनका लागि पेशा व्यवसाय गर्ने आफूले आर्जन गरेको कमाई आफैले खर्च गर्ने गरेकौ पाइन्छ। महिलाहरू पनि विभिन्न संघसंस्थामा आबद्ध रहेका छन्। उनीहरूलाई आफ्नो अधिकार सम्बन्धी ज्ञान पनि रहेको छ।

**ख) मार्क्सवादी महिलावाद**

यो सिद्धान्त मार्क्सवादी सिदान्तसँग सम्वन्धित छ। सन् १९४८ मा एगेल्सको परिवार सम्पत्ति र राज्यको उत्पत्ति नामक पुस्तकले यस वादको विकासमा महत्वपुर्ण भुमिका खेलेको थियो। यस वादले समाजमा परस्पर दुई विरोधी वर्ग का बिचका सम्वन्धलाई जोड दिन्छ। जसमा महिला सम्वन्धी प्रश्नहरू समावेश भएको हुन्छन्। यस वादका अनुसार महिला दमन भनेको वर्गीय दमन हो। महिलाहरू समाजमा दमित भएर रहेका छन्। महिला मुक्ति एवं स्वतन्त्रताको संघर्ष पुरुषको विरुद्मा नभई पुजीँवादी सामाजिक व्यबस्था विरुद्वको संघर्ष हो। समाजमा जवसम्म निजी सम्पत्तिको अन्त्य गरी उत्पादन प्रणालीमा सामुहिक स्वामित्व कायम गर्न सकेमा मात्र महिला पुरुष बिचको असमानता अन्त्य हुन्छ। पुरुषद्वारा महिलामाथि गरिने दमन पुजीँवाद प्रणाली र पितृसत्तात्मक व्यबस्थाको पारस्परिक सम्बन्ध को परिणाम हो। त्यसैले पितृसत्ता एवं पुजीँवादी व्यवस्थाका विरुद्मा सामुहिक सघंर्षको खाँचो छ। घरायसी कार्यलाई महत्व नदिनु, महिलालाई परिवारमा मात्र सिमित राख्नु, सार्वजनीक कार्यलाई जोड नदिनु, महिलाहरूले समान ज्याला र रोजागारी नपाउनु, पेशा नहुनु, पितृसत्ता र पुँजीवाद बीच रहेको धारणा मार्क्सवादी महिलावादको रहेको छ (Walby,1990)।

मार्क्सवादी महिलाबादहरूले जसरी समाजमा दुई परस्पर वर्ग पुरुष महिलाबीच संघर्ष भएको बताउँछन् । त्यसैगरी अध्ययन क्षेत्रमा पनि दुई परस्पर विरोधी वर्ग, विवाहित महिला र पुरुष रहेका छन् । जसमा पुरुषबाट अझै पनि महिला दमीत भएर बस्नु परेको अवस्था रहेको छ । अध्ययन क्षेत्रका महिलाहरू मुक्ति तथा स्वतन्त्र हुनका लागि पुरुषसँग मात्र नभई पूँजीवादी सामाजिक व्यवस्था विरुद्ध संघर्ष गरेको देखिन्छ ।

### ग) मानव सभ्यता र नारी

मानव सभ्यतालाई यस रूपमा विकसित गर्न नारीको भूमिका पुरुष सरहनै महत्वपूर्ण भएको कुरा निर्विवाद छ। जुन समाजमा नारी र पुरुषको समान अधिकारको प्रत्याभूति गराएको हुन्छ। त्यस समाजलाई अवश्य पनि प्रगतिशिल समाज भन्न सकिन्छ। त्यसैको परिणामस्वरूप आज हाम्रो परम्परागत समाज भन्दा पश्चिमी सभ्यताका समाजलाई बढी प्रगतिशील र आधुनिक समाज भन्ने गरिन्छ। परिवार सामाजिकीकरणको प्रमुख साधान हो। जसमा नारीको महत्वपूर्ण भूमिका रहन्छ। जसले गर्दा मानवको सामाजिकीकरण र मानविकीकरणमा नारीको महत्वपूर्ण भूमिका रहन्छ भन्नु स्वभावीक हुन्छ। महात्म गान्धीले भन्नुभएको एउटा पुरुष शिक्षीत हुँदा एक जना मात्र शिक्षित हुन्छ। तर एक जना महिला शिक्षीत हुँदा एउटा परिवार नै शिक्षित हुन्छ। सर्वप्रथम सभ्यताको बिउ रोप्ने महिलाहरूनै हुन्। महिलाहरूले पुरुषहरूलाई घुमन्ते जीवनबाट स्थिर जिवनमा ल्याई प्रतिष्ठित गरे। यो कुरासँग सहमती हुने हो भने मानव सभ्यताको विकासमा नारी पुरुषको समान भूमिका मात्र होइन। नारीको अहम् भूमिका रहेको पाइन्छ। हुन पनि नारीहरू सृष्टिकर्ता हुन्। यस क्रममा जव उनीहरू गर्भधारण गर्दछन् त्यो भ्रुण अवस्था वृद्धि हुँदै जाने क्रममा स्त्री जातीमा शारिरीक दुर्वलता हुँदै जान्छ तव उनीहरूमा स्वभाविक रूपमा बाह्य गतिविधिमा सिमितता आउने कारणबाट घुमन्ते जीवनमा स्थिर जीवनमा परिणत हुनु जैवीकीय कारणले भूमिकालाई पनि नकार्न सकिदैन (चौलागाई, २०६०)।

भारतको नायर, खासी, गारो जनजातीमा अत्याधिक मातृसतात्मक परिवार रहेको छ। साथै प्राचिन परिवारमा रहेको नारीको केन्द्रीय सर्वोच्चतालाई मध्यनजर गर्दा मानव सभ्यतामा नारी जातीको सक्रीयतालाई धुमील गर्न सकिन्न। मानिसको जंगली अवस्थामा सम्पत्तिको उत्पत्ति नभएकाले पुरुष र नारी स्त्री सम्बन्ध बराबरीको आधारमा थियो। त्यसबेला मातृसतात्मक व्यवस्था थिएन। सम्बन्धको चरण भएकाले पिताको पत्तै हुँदैनथ्यो र वंश माताकै नामबाट चल्ने गर्दथ्यो। त्यसपछि पशुपालन युगमा आएर सर्वप्रथम व्यक्तिगत

सम्पत्तिको व्यवस्था देखिन थाल्यो, अब व्यक्तिगत सम्पत्तिको रेखदेख गर्न पिताको आवश्यक पऱ्यो । किन भने उत्पादन जटिल हुँदै गएपछि घरको र बाहिरको काम गर्न स्त्रीको निम्ति असम्भव हुन थाल्यो । त्यसैले बाहिरी परिश्रमका कामहरू पुरुषहरूले मात्र गर्न थाले (पौडेल, २०६४) ।

यसरी उत्पादनका साधनहरू माथी पुरुषहरूको अधिकार सृजना हुने अवस्था बन्न थाल्यो । यसरी सम्पत्तिको मालिक पुरुष हुन थालेपछि सामुहिक यौन सम्बन्ध हराउदै गयो किन भने पैतृक सम्पत्तिको उत्तराधिकारी लागी पनि निश्चित हुन जरुरी भयो । यसरी हामी देख्छौं कि पित्तृसत्तात्मक व्यवस्था र एउटै पतिसगँ मात्र यौन सम्बन्ध राख्नुपर्ने चलनले नारीको हातबाट उत्पादनका साधनहरू खोसिएको हो (पौडेल, २०६४) ।

**घ) विश्वमा महिला आन्दोलन**

महिलाहरूको अधिकार तथा लैङ्गिक समानताका लागी महिलाबादी आन्दोलनको इतिहासलाई हेर्दा सर्वप्रथम सन् १८३० मा अमेरिकी दासताका विरुद्ध सङ्गठित आवाज उठाएको पाइन्छ । महिला आन्दोलनकै कारण सन् १८९३ मा न्यूजिल्याण्डमा महिलाहरूमा मताधिकार दिइएको थियो । सन् १९५० मा औधोगिक क्रान्ति भए पश्चात महिलाहरू घरबाहिर गएर काम गर्न थाले जसको कारण सन् १९६० मा महिला आन्दोलन सङ्गठित र अझ सशक्त भएको थियो । सन् १९७० को दशकसम्म आइपुग्दा मानविकास तथा महिलाको विकाश र संलग्नता विना देशको विकास हुन नसक्ने कुरालाई आवश्यक ठानियो र महिलाहरूलाई पुरुषहरूको नियन्त्रणबाट छुट्करा पाउनु पर्ने कुरामा केद्रित रह्यो र महिलाहरू विकासका अवसरहरू खोज्न बढी प्रयत्नशील भएका थिए । महिलावादी आन्दोलनको विभिन्न प्रयास स्वरूप मेक्सीको सिटीमा १९७५ मा प्रथम महिला अन्तराष्ट्रिय सम्मेलन सम्पन्न भयो । संयुक्त राष्ट्रसंघले भने १९९६ देखी १९८५ को दशकलाई महिला दशक भनेर धोषणा गऱ्यो । यसैगरी दोस्रो, तेस्रो र चौथो क्रमश : सन् १९८० मा डेनमार्कको कोपहेगन, सन् १९८५ केन्याको नैरोबी र सन् १९९५ मा चिनको वेइजिङमा सम्पन्न भयो । यस किसिमका सम्मेलनहरूले महिलालाई विकाशमा महिलाहरूको सहभागिता निमित्ति अधिकार, उत्तरदायित्व र अवसरको समानता प्रदान गर्ने र त्यस्तो अवसरबाट लाभ पाउने तथा त्यस्तो कार्य गर्ने महिलाहरू नै सक्रियता कार्यकर्ता हुनुपर्ने व्याख्या गरेको थियो । यसै गरी सन् १९७९ मा महिला विरुद्ध सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धी संयुक्त राष्ट्रसंघको साधारण सभाले एउटा प्रस्ताव पारित गऱ्यो उक्त

महासन्धी सेप्टेम्बर १९८१ देखी लागु भएको थियो र नेपालले समेत १९९१ अप्रिल २२ मा अनुमोदन गरेको थियो (पौडेल, २०६४) ।

### ङ) नेपालको महिला आन्दोलन

राणा कालको थालनी सँगै नेपाली महिलाहरू का लागी राजनैतिक चेतनाका साथ सङ्घर्षका साथ सङ्घर्षमा सहभागी हुदै जान थाले । वि.स १९७४ मा योगमायादेवी र दिव्या कोइरालाले "नारी जागृत संघ "(महिला समिति स्थापना) गरी महिलाहरूमा चेतना जागृत गराउन प्रयास गरे (उपाध्यय २०५४, :१०८) । १९७४ मा काठमान्डौंमा लश्मी तुलाधर सिद्धिलश्मी अष्टकुमारी, चंचलादेवी आदिले राणा शासनको विरोधमा जनचेतना जगाउन गरेका प्रयास महत्वपुर्ण मानिन्छ । यस्तै वि.स १९९८ मा योगमायाको नेतृत्वमा उनका ६५ जना अनुयायी समेतले सरकारलाई चेतवानी स्वरूप अरुण नदीमा जल समाधि लिई आत्महत्या गरेका थिए । वि.स १९९३ मा चन्द्रकान्ता मल्लले महिलाहरूले पढ्न पाउनुपर्छ भनी स्कुल खोल्ने आवज उठाइन र कामाक्षा देवी र दिलहरी क्षेष्ठले बनेपामाा नारीलाई पढाउन सुरु गरे । २००३ सालमा विराटनगरका महिला मजदुर हरूले समान कामको समान ज्याला, बराबर अधिकार,सुत्केरीको लागी विशेष सुविधा, शिक्षा, स्वास्थ, शुरक्षा आदिको माग राखी पुरुषको तुलनामा आन्दोलन अगाडी बढाए । काठमान्डौं मा यहि साल रेवन्ती आर्चाय र कमला मिलेर बालविवाह, बहुविवाहको अन्त्य गर्ने उदेश्यले "आर्दश महिला संघ" स्थापना गरे । त्यस्तै २००४ सालमा काठमान्डौं म्हैपीमा मेगलादेवी, सपना प्रदान स्नेहता आदि महिलाहरूले सर्वसम्मतिबाट "नेपाल महिला संघ" गठन गरे ( प्रधान,२०४७) ।

नेपाली महिलाको आन्दोलनको परिणाम २००४ सालको वैधानिक कानूनले निर्वाचनमा मतदान दिन पाउने र उम्मेदवारको रूपमा उपस्थित हुन पाउने अधिकार पाप्त गरे । २००७ सालको जनकान्तीमा पुरुषका साथसाथै विमन सेल बनाई महिलाहरूको अधिकारबारे विधान - २००७ मा पनि लिखित रूपमाा महिलाहरूको अधिकारबारे उल्लेख गरेको पाइन्छ । यो शासन विधानमा उल्लेख भए अनुसार महिला सम्वन्धमा लेखिएको नेपालको पहिलो दस्तावेजको रूपमा दर्ता हुनपुग्यो (शान्ता क्षेष्ठको अन्तरवार्तामाा आधारित) पञ्चायतकालमा पनि महिलाले आफ्ना हक र अधिकार प्राप्तीका लागी विभिन्न प्रकृतिबाट सकेसम्म आवज बुलन्द गरिरहे । २०१९ सालमा नेपालको संविधान निमार्ण भयो र महिला संगठनकै रूपमाा एक निकायको रूपमाा सहभागी हुने भनी संविधानमा व्यवस्था

गरियो ।२०२० सालमा संसोधित मुलुकी ऐनको घोषणा भयो - बालविबाह बहुबिवाह र अनमेल विवाहमाथी प्रतिवन्ध लगाइयो । जसले गर्दा महिलामाथी भई आएका केही दमनलाई समाधान गरिदियो । तत्कालिन पञ्चायी सरकारले २०३२ सालमा अन्तराष्ट्रिय नारी बर्ष धुमधाम रूपले मनाउने घोषणा गर्यो । उक्त अवसरमा स्थानीय निकायमा ४००० महिलाहरूलाई सामेल गरिएको थियो (पञ्चायत २०४३ :२४०) । नेपाल जस्तो सानो आकृतिको देशमा २०३२, ०३६, ०४२, ०४६, ०६२।०६३ आदि समयमा भएका निर्णायक आन्दोलनमा नेपाली महिलाको सक्रिय सहभागिता रहेको पाइन्छ । राजनीतिक परिर्वतन प्रश्चात पनि नेपाललाई नवनिर्माण गर्ने नारा भएपनि पितृसत्तात्मक सोचकै बाहुल्यता भएको हुदाँ विद्यमान सरकारले महिलालाई पन्छाउने कार्यलाई निरन्तरता दिएको कुरा व्यवहारबाट देखिन्छ । पुनः स्थापित संसदले महिलालाई राज्यका सबै संरचनामा ३३ प्रतिशत सहभाागिता सुनिश्चित गर्ने घोषणा गरे पनि त्यसको कार्यान्वयन पक्षमा सरकारले ध्यान दिएको छैन । पछिल्लो समयमा देशभरीका महिलाहरू एक ठाउँमा जम्मा भए । “न्यायपुर्ण समानता र सामाजिक न्यायलागि महिला वडापत्र” नामक महत्वपुर्ण दस्तावेज तयार गरे । फलस्वरूप जनसंख्याको अनुपातमा समानुपातिक समावेशी सहभागिता माा महिलाहरू सीमित हुन पुगेको वर्तमान स्थिती छ । यस स्थितीमा महिला आन्दोलन अत्यन्त सचेत भएर अगाडी बढ्नुपर्ने वर्तमान परिस्थितीले निर्देशित गरेको छ ।

**च) महिलाको सामाजिक स्थिति**

विश्वका धेरै मुलुकहरूमा जस्तै नेपालमा पनि महिला र पुरुष बिच ठुलो बिभेदको अवस्था छ । यँहाको सामाजिक, आर्थिक, शौक्षिक, राजनितिक, प्रशासनिक लगाएतका सबै क्षेत्रमा पुरुषको तुलनामा महिलाको पहुँच ज्यादै न्युन रहेको छ। नेपालको कुल जनसङ्ख्याको आधा भन्दा बढी ( ५१.५०) हिस्या ओगटेका महिलाहरू राज्यका हरेक पक्षमा पिछडिएका छन् । परम्परागत रूपमा जातपातको भेदभाव, चाँडो विवाह, छोराको महत्व जस्ता मान्यता जस्ता कारणले महिलाको स्तर विकास हुन सकेको छैन । लैंगिक भिन्नताका कारण लैंगिक असमानता, साधन स्रोतको अवसर आदिमा कमिका कारण महिलाहरूको स्तर निकै पछाडी छ । महिलाहक, अधिकार र शसक्तिकरणका लागि विभिन्न गैर सरकारी सङ्घ संस्था तथा सरकारी निकाय सम्मले कामहरू शसक्त रूपबाट गरिरहेकै छन् । नेपालको संविधानमा समेत महिला सम्बन्धि हक समेत सुनिश्चित गरेको छ। त्यस्तै अन्तराष्ट्रिय स्तरममा पनि नारीलाई पुरुष सरह हरेक क्षेत्रमा समानता हुनुपर्छ भन्ने उदेश्यका साथ

विभिन्न नारी सम्मेलन गरी सोहि घोषणा पत्रको बुदालाई आधार बनाई कामहरू भईरहेको अवस्था पनि छ ।

वैवाहिक स्थितीले पनि महिलाको जीवनमा महत्वपूर्ण भूमिका खेल्दछ। महिलाहरूलाई वैवाहिक स्थितीले छोरीबाट बुहारीमा परिवतर्न गराउँछ। विवाह प्रश्चातम महिलाहरूको हैसियत र भूमिकामा परिर्वतन आइ कर्तव्य र कामको भार बढाउँदछ। वैवाहिक स्थितिले नै महिलाहरूलाई पुरुष निर्भर बनाउँदछ किन भने उनीहरूको सम्पत्तिमाथीको अधिकार पुरुषबाट वा उसको परिवारबाट प्राप्त हुन्छ। पुरुषहरूलाई भने जन्मदै अधिकार प्राप्त हुन्छ। त्यस्तै गरी कम उमेर वा उमेर पुगेपछि विवाह हुने अवस्थाले महिलाको सामाजिक स्थितीलाई दर्शाउदछ। नेपालमा महिलाहरूको कलिलै उमेरमा विवाह गर्ने प्रचलनले प्रजनन् दर सामान्यता बढी देखिएको छ। यसका साथै कलिलै उमेरमा गर्भवती हुनुपर्ने कारणले शिशु र मृत्युदर पनि बढीरहेको छ। खास गरि सामाजिक र धार्मिक परम्परा अनुसार महिलाहरूलाई चाँडै विवाह गरिदिने अथा्त महिनावारी हुनुभन्दा अगाडि विहे गरी जल खान पाए पुन्य प्राप्त गरिन्छ वा ऋण तिरिन्छ भन्ने भनाई पाइन्छ। जसले गर्दा नारीलाई कमजोर बनाइदिएको छ। नारीको पहिलो प्राथमिकता विवाहलाई र दोस्रोमा शिक्षा र रोजगारीलाई दिएको छ (आर्चय १९९७) ।

त्यस्तै गरी निर्णय प्रक्रियामा रहेका महिलाहरूको सहभागिता त्यस परिवारमा महिलाको स्थानलाई बुझाउँदछ जति बढी पारिवारिक निर्णय प्रक्रियामा महिलाको सहभागिता हुन्छ। त्यति नै राम्रो स्थान उक्त परिवारमा महिलाको रहेको हुन्छ। निर्णय गर्ने क्षमता मा पनि महिलाहरूको भूमिका एकदमै न्युन नै रहेको देखिन्छ किन कि महिलाहरू अशिक्षित र आयस्रोतको मामिलामा कम संलग्न देखिन्छन्। नेपाल पुरुष प्रधान देश हो जहाँ महिलाहरूलाई निर्णय गर्ने क्षमतामा कम अधिकार दिएको छ। (आर्चाय, १९९७ : ३४) आचार्यका अनुसार महिलाहरूले श्रीमान, सासु, ससुरा, नभएका बखत वा गाउँ छाडेर टाठा गएमा बखत मात्रै निर्णय गर्दछन्। नेपालमा जातिगत विविधताको कारणले परम्परागत हिन्दु परिवार गैर हिन्दु परिवारमा महिलाको हैसियत शक्ति एंव निर्णय गर्ने प्रक्रियमा उनी हरूको सहभागिता अति न्युन रहेको पाइन्छ। हिन्दु समुदाय भित्रै नीति निर्णय लिने प्रक्रियामा महिलाको सहभागिता अति न्युन रहेको छ, परिवारको लगभग ६० प्रतिशत निर्णय हरू पुरुष हरूले मात्र गर्दछन् भने ३५ प्रतिशत सल्लाह गर्दछन्। तर मंगोलियन समुदायमा

७० प्रतिशत निर्णयहरू महिला एक्लैले गर्दछन् यसबाट के प्रष्ट हुन्छ भने जातिगत वा धार्मिक आधारमा सामाजिक हैसियत फरक भएको पाइन्छ (आचार्य, १९९७)।

पोखरापत्र राष्ट्रिय दैनिक (२०७० मंसिर २८) पत्रिकाबाट जग्गामा नाम मात्रको महिला स्वामित्वको स्थितीलाई उजागर गरेको छ। सुर्खेत/महिलाको नाममा जग्गा पास गरे राजस्व छुट  पाइने भएपछि मैनतडाकी ललिता सुनारका श्रीमानले उनका नाममा जग्गा पास गरिदिए। तर जग्गा किन्न श्रीमान सगैं गएकी ललिताले आफ्नो नाममा जग्गा पास भएको पत्तो पाइन्न्। आफ्नो नाममा जग्गा हुनु नहुनुमा कुनै फरक नभएकाले उनलाई त्यसप्रति हुने चासो पनि जागेनन्। तीन वर्ष अघि किनेको जमिन बेच्दा वा उपभोग गर्ने अधिकार उनमा थिएन। तीन वर्ष सम्म आफ्नो नाममा भएमो जग्गा श्रीमानले बिक्री गर्न भन्दै उनलाई मालपोत कार्यलय पुऱ्याएपछि मात्र उनले आफ्नो जग्गा श्रीमानले बिक्री गर्न भन्दै उनलाई मालपोत कार्यलय पुऱ्याएपछि मात्र उनले आफ्नो नाममा जग्गा रहेछ भन्ने जानकारी पाइन्। यसै गरी धमखहरेकी ३२ वर्षिय मनसरी बुढाले ५रोपनी खेत आफ्नो नाममा बनाउनुको कारण पनि उस्तै कारण छ महिलाको नाममा सम्पत्ति बनाउँदा राजश्वमा पाइने छुट पाउनु भन्दा अगाडि उनको नाममा उक कौडि पनि सम्पत्ति नरहेको उनले सुनाइन। यी त केही प्रतिनिधि महिला पात्र हुन्। यसरी सरकारी नीतिले भुमिमा महिलाको स्वामित्व बढे पनि यसको भोगचलनको सम्पुर्ण जिम्मा पुरुषको हातमा हुँदा महिलालाई छुटको लागि मात्र प्रयोग गरेको पाउन्छ। भुमिमा दिन रात पसिना बगाउने महिला भएता पनि यसरी आर्जन गरिएको सम्पत्तिको मालिक पुरुषहरू नै हुन्छन्।

गोरखापत्र अनलाइन कार्तिक ५, २०७६ मंगलवार नेपालको संविधान र त्यसपछि बनेका कानुनले अंश र वंश मा महिलाको हक स्थापित गरेका छन्। राष्ट्रिय जनगणना २०५८ अनुसार नेपालमा करिव १२ प्रतिशत परिवारका महिलाका नाममा घर वा जग्गा को स्वामित्व थियो। सो संख्या २०६८ को जनगणनामा १९.७१ प्रतिशत पुगेको देखिन्छ जस अनुसार शहरी क्षेत्रका २६.७७ र ग्रामिण क्षेत्रमा १८.२ प्रतिशत महिलाको नाममा घर जग्गा वा दुवैको स्वामित्व छ। नेपालको पहिलो लिखित कानुन वि.स १९९० को मुलुकी ऐनले सर्तसहित सम्पत्तिमा समान अधिकार कायम गरेको थियो जसमा ३५ वर्ष उमेर पुगेका महिलाका नाममा घरजग्गाको स्वामित्व रहेको अनुमान गरेका छन्। त्यसैगरी संविधान र कानुनले आमाको नामबाट पनि नागरिकताको प्रमाणपत्र लिनदिन पाउने व्यवस्था गरेकाले वंशमा पनि महिला अधिकार स्थापना भएको छ (काफ्ले, २०७६)।

## २.२ सम्पत्तिमा पहुँचबारे नेपाली कानूनी विकास समीक्षा

**क) मुलुकी ऐन २०२० मा महिलाको सम्पत्तिमाथी पहँचुको सम्वन्धमा भएका व्यवस्थाहरू** महिलाले प्राप्त गर्ने सम्पत्तिलाई दुई भागमा विभाजन गर्न सकिन्छ । जसमा स्त्रीधन र स्त्रीअंशधन पर्दछन् ।

**स्त्रीधन** भित्र दाइजो, स्वआर्जन, दानउपहार, पेवा डोलाजी बसी प्राप्त गरेको सम्पत्ति पर्दछन् जसअन्तरर्गतका धनहरू महिलाले आफूखुसी गर्न पाउने व्यवस्था छ ।

**स्त्रीअंशधन :** महिलाहरूले पति पिता बाट प्राप्त गरेको सम्पत्तिलाई स्त्री अंशधन भनिन्छ त्यसैगरी अशं पाउने अवस्थाहरू निर्धारण गरिएका हुन्छ हुन्छन् ति अवस्था विद्यमान भएमा अंश प्राप्त गर्दछन् ।

पैत्रिक सम्पत्तिमा छोरा र पुरुषको अंश अधिकार जन्मसिद्ध हुने तर महिला वा छोरीको विभिन्न अवस्था वा शर्त पुरा भएमा मात्रै प्राप्त गर्ने त्यसरी सम्पत्तिमा पनि पूर्ण अधिकार नरहने त्यस्तो भोगचलन गर्न पाउने बेचविखन गर्न पाउने अधिकार छैन । यसरी अंशवापत प्राप्त गरेको सम्पत्ति महिलाहरू चलमा सबै वा अचलमा आधासम्म मात्रै आफूखुसी गर्न पाउने अंशाधिकार महिलालाई प्राप्त छ । विवाह नभएकी छोरीलाई ३५ बर्ष पुगेपछि आफ्नो अंश पाउछन्, जुन छोराछोरीलाई बराबर हुन्छ । अंशप्राप्त गरेपछि विवाह भएमा विवाह खर्च पर सारी हकवाला अंशियारालाई फिर्ता गर्नुपर्दछ । छोरीले प्राप्त गरेको अंश चलमा सबै र अचलमा आधासम्म मात्र आफू खुस गर्न पाउँछिन् । त्यसैगरी लोग्नेले द्रोस्रो विवाह गरी पहिलो श्रीमतीलाई हेला गरी खान लाउन नदिई घरबाट निकाला गरेमा वा लोग्नेले बराबर कुटपिट गरेमा वा लोग्ने ले बारम्वार कुटपिट गरेमा वा दु :ख दिएमा त्यस्ता स्वास्नीले चाहेमा लोग्नेबाट अंशलिई बस्न पाउछन् ।

### ख) संवैधानिक व्यवस्था

महिलालाई महिलाको हक र सम्पत्तिमाथीको स्वामित्व बढाउनका लागि संवैधानिक व्यवस्था गरिएको छ । प्रत्येक राष्ट्रले आफ्ना नागरिकलाई सम्पत्ति आर्जन गर्न बेचविखन दन्दा उपहार दिने अधिकार प्रचलित कानून अनुसार प्रदान गर्दछ । नेपालमा पनि मुल कानूनी संविधान २०४७ धारा १७ मा सम्पत्ति सम्वन्धी व्यवस्था गरेको र अन्तरिम संविधान २०६३ को धारा २० र २१ ले क्रमश सम्पत्ति महिलाहक भनि व्यवस्था गरेको छ । नेपालको संविधान २०७२ को धारा २५ मा पनि सम्पत्तिको हक सम्वन्धी व्यवस्था गरेको छ । त्यसै

गरी धारा ३८ मा महिलाको हकमा सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पत्तिको समान हक हुनेछ भनी व्यवस्था गरिएको छ ।

**(२५) सम्पत्तिको हक :**

१) प्रत्येक नागरिकलाई कानुनको अधिनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यबसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ ।

२) सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति ग्रहण गर्ने, प्राप्त गर्ने, वा त्यस्तो सम्पत्तिउपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन ।

३) उपधारा (२) बमोजिम सार्वजनिक लागि राज्यले कुनै पनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा क्षतिपूर्तिको आधार र कार्यप्रणाली ऐनबमोजिम हुनेछ ।

४) उपधारा (२) र (३) को व्यवस्थाले भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषिको आधुनिकिकरण र व्यबसायिकरण, वातावरण संरक्षण, व्यवस्थित आवाश तथा शहरी विकाश गर्ने प्रयोजनका लागि राज्यले कानुन बमोजिम भूमि सुधार, व्यवस्थापन र नियमन गर्न बाधा पर्ने छैन ।

५) उपधारा (३) बमोजिम राज्यले सार्वजनिक हितका लागी कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गरेकोमा त्यस्तो सार्वजनिक हितको सट्टा अर्को कुनै सार्वजनिक हितका लागी त्यस्तो सम्पत्ति प्रयोग गर्न बाधा पर्ने छैन (नेपालको संविधान २०७२) ।

**(३८) महिलाको हक :**

१) प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशिय हक हुनेछ ।

२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थसम्बधी हक हुनेछ ।

३) महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारिरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसात्मक कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानूनबमोजिम दण्डनीय हुनेछ र पिडितलाइ कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्दान्तको आधारमा सहभागि हुने हुनेछ ।

५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकरात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।

६)    सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पत्तिको समान हक हुनेछ ।

## ग) महिलाको अंश हक सम्वन्धमा मुलुकी देवानी संहिता ऐन २०७४ मा भएका व्यवस्थाहरू

छोरीले हरू अशियार सरह अशं छुट्याई लिन पाउने,अशं नहुदै पतिको मृत्यु भएमा निजले पाउने अशं पत्नीले पाउने, पतिले पत्नीलाई इज्जत आमद अनुसार खान, लाउन र आवश्यकता अनुसार उचित शिक्षादीक्षा र स्वास्थ्य उपचारको व्यवस्था नगरे अंश लिन पाउने,बाबु आमाले छोरीलाई इज्जत आमद अनुसार खान, लाउन र आवश्यकता अनुसार उचित शिक्षादीक्षा र स्वास्थ्य उपचारको व्यवस्था नगरे अंश लिन पाउने,विधवा स्वास्नी मानिसले चाहेमा आफ्नो अंश लिई भिन्न हुन पाउने,वैवाहिक सम्बन्ध विच्छेद हुने भएमा अंश लिन पाउने,पतिले अर्को पत्नी ल्याएमा वा राखेमा पतिको अंशबाट आफ्नो अशंभाग छुट्याई लिन पाउने,सासु ससुरा समेत भई वा पतिले मात्र खान लाउन नदिई घरबाट निकाला गरेमा वा बराबर कुटपिट गरी दुःख दिने गरेमा त्यस्तो पत्नीले पतिको अशंबाट आफ्नो अंशभाग छुट्याई लिन पाउने,सासु ससुराले मात्र बुहारीलाई निकाला गरेको अवस्थामा इज्जत आमद अनुसार खान लाउन पाउने, फैसला बमोजिम अंश, रकम वा खर्च पाउने भएकी स्वास्नी मानिसले अशं रकम वा खर्च नपाएमा सो व्यहोरा खुलाई मुद्दा छिन्ने अड्डामा दरखास्त दिनुपर्ने र अड्डाले अंश रकम वा खर्च नदिनेलाई पाँचहजार रूपैया सम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय गरी फैसलाबमोजिम यथासक्य छिटो अंश रकम वा खर्च दिलाईदिने, अशं लिइसकेकी छोरीको विवाह भएमा पनि अशं वापत निजले प्राप्त गरेका सम्पत्तिमा निजको नै हक कायम हुने, (सर्वोच्च अदालत न्यायमा पहुँच आयोग) ।

**निजी सम्पत्ति मानिने** :

कुनै व्यक्तिको नाममा रहेको देहायको कुनै सम्पत्ति वा त्यसबाट बढे बढाएको सम्पत्ति त्यस्तो व्यक्तिको निजी सम्पत्ति मानिनेछ। आफ्नो ज्ञान, सीप वा प्रयासबाट आर्जन गरेको, दान, बकस वा अपुताली स्वरूप प्राप्त गरेको, चिठ्ठा वा उपहार स्वरूप प्राप्त गरेको, पारिश्रमिक उपदान, निवृतिभरण उपचार खर्च, सञ्चय कोष, वीमा वा अन्य सामाजिक सुरक्षण वापत प्राप्त गरेका, वैद्धिक सम्पत्ति वा रोयल्टी स्वरूप प्राप्त गरेको, कानुन बमोजिम मानो छुट्टिई भिन्न बसेको अवस्थामा वा त्यसरी मानो नछुट्टिए पनि उपतिआफ्नो आफ्नो गरी खानु बस्नु गरेको अवस्थामा जुनसुकै तरवरले प्राप्त गरेको,

महिलाले विवाहपुर्व आर्जन गरेको, प्राप्त गरेको वा विवाह हुदाँका वखत माईतीबाट प्राप्त गरेको वा त्यसबाट बढेबढाएको, महिलालाई पति वा पति तर्फका सबै अंशियारहरूहरूको मञ्जुरीले निजको एकलैटी हक हुने गरी लिखत गरी दिएको वा पति तर्फका नातेदार वा इष्टमित्रबाट प्राप्त चल वा अचल सम्पत्ति र त्यसबाट बढे बढाएको सम्पत्ति, कानून बमोजिम कुनै व्यक्तिको मात्र निजी सम्पत्ति हुने उल्लेख गरेको,कुनै पनि व्यक्तिले वा महिलाले आफ्नो निजी सम्पत्ति यस संहिताको अधिनमा रहि आफूखुसी गर्न पाउनेछ ।

**संगोलको सम्पत्ति मानिने :**

संगोलका अंशियारहरूमध्ये जुनसुकै अंशियारको नाममा रहेको भए पनि देहाएको कुनै सम्पत्ति वा त्यसबाट बढे बढाएको सम्पत्ति संगोलको सम्पत्ति मानिनेछ। पुख्यौलीबाट प्राप्त सम्पत्ति, निजी सम्पत्ति बाहेक अंशियारको नाममा रहेको अन्य सम्पत्ति अंशियारले संगोलको खेती, उद्योग, व्यापार व्यवसायबाट आर्जन गरेको वा सो बाट बढे बढाएको सम्पत्ति,कानून बमोजिम भिन्न भएकोमा बाहेक पति वा पत्नीले कमाएको वा त्यसवाट बढे वा बढाएको सम्पत्ति पति वा पत्नीको संगोलको सम्पत्ति हुनेछ र वाबु आमा र छोरा छोरी वीच अंशवण्डा गर्ने प्रयोजनको लागी वावु आमाले आर्जन गरेको सम्पत्ति समेत सगोलको सम्पत्ति मानिनेछ ।

महिलाहरूले गरेको आन्दोलनको फलस्वरूप नेपालको संविधान र मुलुकी देवानी संहिता ऐन २०७४ र मुलुकी देवानी कार्याविधी ऐन २०७४, र अरु धेरै ऐन,कानुन, नियमहरूको व्यवस्था भयो । यसरी कानूनमा महिलाकासम्पत्ति अधिकारका व्यवस्थाले गर्दा नेपाली समाजमा महिलाहरूको पारिवारिक सम्पत्तिमाथीको पहुँचको अवस्था बढेको छ । त्यसैगरी अध्ययन क्षेत्रका विवाहित महिलाहरूको पारिवारिक सम्पत्तिमाथी पनि प्रत्यक्ष रूपमा सकरात्मक असर परेको छ । महिलाहरूको पारिवारिक सम्पत्तिमा पहुँच वृद्धि हुनुको मुख्यकारण नै कानुनी व्यवस्था हो ।

## २.३ पूर्व अध्ययन समिक्षा

नेपाली समाजमा महिलाको स्थिति धेरै तल र दयनीय अवस्थामा रहेको पाइन्छ । विश्वका अन्य मुलुकका महिलाहरूभन्दा निकै माया र दयाको अवस्थामा रहेको पाइन्छ । महिलाहरूविरुद्व हुने विभिन्न भेदभावले गर्दा महिलाको सम्पत्तिमाथीको हक कानूनी रूपमै त्यति व्यवस्थित नभएको पाइन्छ । तर प्राचिन कालमा हिन्दु महिलालाई देवीको रूपमा पूजा गरिन्थ्यो यद्यपी आजका दिनमा पनि हिन्दु धर्ममा जन्मदेखि मृत्यु संस्कार विभिन्न चाडपर्वमा

देवीदेवताका रूपमा पूजा गरिन्छ। किनभने हाम्रो देश नेपालमा धेरैपछि मात्र राजनैतिक परिवर्तन भएकाले महिलाहरूले सम्पत्तिमाथी अधिकार पाएका थिएनन् यसैले आफूखुसी केहि गर्न पाउँदैनथे, महिलाहरूले पढ्न हुँदैन भन्ने मान्यता थियो। बोल्न र घरबाहिर जान मनाहि थियो, त्यसैले गर्दा महिलाहरूले आफ्नो अधिकारको विषयमा बोल्न त के कुरा केहि सिक्न समेत पाउँदैनथे।

यस्ता धेरैखाले दमन र विभेदका बाबजुत पनि पछिल्लो समयमा आएर महिलाअधिकारले विश्वव्यापी आन्दोलनको स्वरूप ग्रहण गरिसकेको छ। महिला सशक्तिकरण महिलाहरूको चर्चा र बहसको विषयको रूपमा रहँदै आएको छ। मूलत सशक्तिकरणलाई प्रभाव पर्ने सम्पत्तिमाथि पहुँच सम्बन्धी विषय अतिनै पेचिलो बन्दै आएको छ। यसै क्रममा विभिन्न मुलुकहरू लगायत नेपालमा पनि विभिन्न कानूनी व्यवस्थाद्वारा महिलाको सम्पत्ति सम्बन्धी व्यवस्थालाई सुरक्षित गर्ने प्रयासहरू क्रमश हुँदै आइरहेका छन्। यसै त जनसंख्याको आधा हिस्सा ओगट्ने महिलाको सम्पत्तिमाथीको पहुँच सम्बन्धी सबल एक अनुसन्धानको विषय बन्न पुगेको छ। यसै सन्दर्भमा यस विषयमा थुप्रै खोज अनुसन्धान समेत भए गरेको पाइन्छ। यस सोध कार्यमा अनुसन्धान एवं रचनाहरूसमेतलाई सामाग्रीको रूपमा लिइएको छ।

महिलाहरूको सम्पत्तिमाथीको अधिकारलाई टाठाबाठाले चलाएको अभियानले ग्रामिण महिलाहरूको मुद्धालाई ओझेलमा पारेको देखिन्छ। ग्रामिण क्षेत्रका लाखौ मानिस गरिवीको रेखामुनी छन्। जसको पैतृक सम्पत्ति छैन भने ति महिलाहरूलाई पैतृक सम्पत्तिमाथीको अधिकार के अर्थ रह्यो र विद्यमान कानूनअनुसार महिलाहरूलाई दुई कानूनी हैसियत रहेको छ। अविवाहित छोरी विशेषज्ञहरूको धारणा उल्लेख गर्दै भनेका छन्। नेपाल जस्तो विकासोन्मुख देश गरिवी रेखामुनी अधिकांश जनता रहेको देशमा पैतृक सम्पत्तिमाथीको अधिकारको केनै अर्थ रह्यो र, केहि उच्च धनी वर्ग महिलाहरूको फाइदा होला, अन्यको लागि भने अझ बढी भन्दछन् कि समस्याको जड भनेको विद्यमान पारिवारीक र वैवाहिक प्रणालीलाई अझ बढी भार थपिने निश्चय छ (पौडेल, २००१)।

महिलाहरूलाई छोरा सरह महिलालाई अधिकार दिंदा परम्परागत पारिवारीक संरचना नै नराम्रोसँग प्रभावीत हुने उल्लेख गरेका छन्। छोरीलाई विवाह गरेपछि पतिको सम्पत्तिमा कानूनी हक लाग्ने व्यवस्था विद्यमान छँदैछ, सो अवस्था छोरीलाई बाबुको सम्पत्तिमा अधिकार दिंदा महिलालाई सम्पत्तिमाथीको दोहोरो अधिकार पर्न जान्छ। महिला र

पुरुषबीचको सम्पत्ति हकको सम्बन्ध कुनै विभेदपूर्ण व्यवस्था नरहेको धारणा राख्दछन् र प्रणालीको संरचना नै हो र छोरीलाई अंश अधिकार दिइएको अवस्थामा दाइजो प्रणालीलाई अझ बढी प्रोत्साहन गर्ने धारणा राखेका छन् (शर्मा, २०५५)।

दराईं जातीका परिवारमा महिलाहरू घरधन्दा पशुचौपाय स्याहार सुसार र मेलापाताका काम गर्ने गर्दछन् भने पुरुषहरू वैदेशीक रोजगार, सरकारी संघसंस्था, शिक्षण सेवा तथा ज्याला मजदुरी पेशामा लागेका छन्। उक्त क्षेत्रका दराईं जातीका जिवीकोपार्जनको मुख्य पेशा कृषि मानिने भएतापनि आजभोली बढ्दो जनसंख्या र जमिनको खण्डीकरण र परम्परागत कृषि प्रणाली भएको हुँदा कृषि उत्पादनले मात्र परिवार धान्नेको संख्या निकै कम छ। अधिकांश परिवारको घरायसी खर्च विभिन्न पेशा अपनाएका पुरुषहरूको कमाईलेनै चल्ने गर्दछ। हिन्दु धार्मिक मान्यता रहेको उक्त दराई परिवारमा छोराछोरीको शिक्षामा भेदभाव गरी छोरीलाई घरायसी काममा लगाउने गर्दा धेरैजसो महिलाहरू अशिक्षित रहेका छन्। त्यस्तै केहि पढ्न पाएकाहरू पनि बीचमै पढाई छाडी आफै विवाह गर्ने तथा केहि बाबुआमाले पढ्दापढ्दै बिचमै विवाह गरिदिएका र विवाहपछि पारिवारीक जिम्मेवारबाट माथी उठ्न नसकी पढाईलाई निरन्तरता दिन नसकेमा र सिप क्षमताको विकास गर्न नसकेका कारण पनि अधिकांश महिलाहरूले बाहिरी पेशा अपनाउन सकेका छैनन। अर्कोतिर पितृसतात्मक सोंचमा आधारित उक्त दराईं समुदायमा परिवारमा महिलाको घरपरिवार सम्हाल्नुपर्दछ र पुरुषहरू बाहिरी आयआर्जन गरी परिवार पाल्नुपर्दछ भन्ने मान्यताले जरो गाडेको हुँदा पनि महिलाहरू घरायसी कार्यहरूप्रतिनै बढी उत्तरदायी रहनुपर्ने भएको हुँदा आयआर्जन पछाडि छन्। जसका कारण आर्थिक रूपमा पुरुषनै परेका छन्। महिलाहरूको नाममा चल, अचल सम्पत्ति केहि भयो भने जीवनमा सुरक्षित अनुभव मिल्नुका साथै उनीहरूको स्थान दरो हुने तथा निर्णय अधिकार रहने विचार महिलामा रहेको भएता पनि पितृसत्तात्मक पारिवारीक संरचना रहेको उक्त समुदायमा पैतृक सम्पत्तिमाथी महिला पुरुषको अधिकार बराबर रहने व्यवस्था भएपनि अहिलेसम्म उक्त क्षेत्रका महिलाहरूको पैतृक सम्पत्तिमाथी पहुँच व्यवहारिक रूपमा पुगेको छैन। त्यस्तै उत्पादनका साधन स्रोतमा पुरुषहरूको स्वामित्व रहेको हुँदा महिलाहरू आयआर्जनमा पछाडि परेका छन्। तर केहि परिवारमा नगन्य मात्रामा भएपनि महिलाहरू विभिन्न पेशा अपनाएर केहि आर्जन गर्न सफल भएका छन्। महिलाहरूले गरेका यस्ता स्वआर्जनका सम्पत्तिमा उनीहरूको नै स्वामित्व रहेको छ। साथै ति महिलाहरू अन्य महिलाको तुलनामा निर्णयमा पनि अगाडि रहेका छन् (पौडेल, २०७०)।

इतिहासको अध्ययन गर्दा प्राय सबै बुर्जुवा वर्गको हित रक्षा गर्ने गरेको पाइन्छ। विवाह परिवार उत्तराधिकारी सम्बन्धी कानून पितृसत्तात्मक सम्पत्ति नियन्त्रणसँग गासिएको छ। दक्षिण एसियाका सबै देशमा बच्चाहरूको संरक्षक, सम्पत्तिको मालिक, परिवार प्रमुख मानिन्छ। महिलाहरूलाई पुरुषसरह अधिकार भने पनि ३३ प्रतिशत व्यवस्था गरेपनि अधिकांश ठाउँमा पुरुष अधिपथ्य रहेको पाइन्छ। पुरुष सरह भएपनि भूमिसम्बन्धी ऐन अनुसार मोहीयानी हक पाउनको लागि अविवाहित छोरीले ३५ वर्ष पुगेको हुनुपर्ने व्यवस्था गरिएको छ। वैदेशिक रोजगारीमा जानको लागि लोग्ने छोरी, छोरासँग स्वीकृति लिनुपर्ने विद्यमान व्यवस्थाले गर्दा नेपाली महिलाहरूले पूर्ण हक पाएका छैनन् (मुलुकी ऐन, २०७०)।

हाम्रो सामाजिक परिवेशमा यतिहासिक परम्परा आर्थिक परनिर्भरता जस्ता कारणले महिलाहरूले पुरुषसरह अधिकार उपभोग गर्न नपाएकाले समाजमा भएको प्रतिकुल असर पर्ने खालको परम्परा सामाजिक रितीरिवाज मूल्य मान्यता बदली राम्रा मान्यता राखी नराम्रा बदल्नु आवश्यक छ। विगतका महिला अवस्थाभन्दा आज महिला अवस्था राम्रो भएको तर पनि अपुरो नै देखिन्छ। अतः नेपाली महिलाले आफूलाई प्राप्त भएको संवैधानिक अधिकार उपभोग गरी आफ्नो सहभागिता राज्यका सबै तह तप्कामा लिई राष्ट्रिय विकासमा लगाउन सक्रिय र सचेत हुनुपर्ने दायित्व आजका महिलामा हुनु आवश्यक देखिन्छ। महिलाको अधिकार केवल पुरुष वर्ग विरुद्ध नभई सम्पूर्ण समाजको हितको लागि हो भन्ने कुरा समाजको तल्लो तहदेखि उपल्लो वर्गका सबैलाई राम्रोसँग बुझाउन सक्नुपर्दछ। यसरी नारी र पुरुष एक रथका दुई पाग्रा हुन् प्रमाणित गर्दै समाज र राष्ट्र विकासमा आफ्नो अधिकार लिँदै दायित्व पुरा गर्दै देश विकासमा टेवा पुऱ्याउनु पर्दछ। महिलाहरूले अनि मात्र हाम्रो देशमा केहि गर्न सकिन्छ। यसका लागि महिलाहरू आस्थाभन्दा माथी उठेर एक हुनु जरुरी छ (घिमीरे, २०७१)।

पुर्ख्यौली सम्पत्ति वा अंश यदी महिलाहरूलाई अलग राखेर हेर्ने हो भने मुख्यतया किरिया बस्नेले प्राप्त गर्दछ। घरको मूल पुरुषको मृत्र्युपछि अशं पाउनेहरूको क्रम रहने गर्छ। यस्तो अंशका दावेदारहरू कमिक रूपमा एकको अनुपस्थितीमा अर्कोले प्राप्त गर्नेगर्छ। यस्तो कमतामा क्रमिक रूपले श्रीमती (छोरा बराबर समान हैसियतमा), छोराहरू, छोराका छोराहरू, छोराका श्रीमती, छोरी (मृतकको दाजुभाइको सहमतिमा), दाजुभाई, दाजुभाईका बच्चाहरू रहेका छन्। महिलाको मृत्यु भएमा उत्तराधिकारीको कमता कमिक रूपले छोराहरू, छोराका छोराहरू, छोरी (श्रीमानका दाजु दाजुभाईको सहमतिमा), श्रीमानका दाजुभाईहरू, श्रीमानका दाजुभाईहरूका बच्चा र आफ्ना दाजुभाईहरू रहन्छन्, (Bennett,1983)।

गुरुङ्ग समुदायमा रहेको पैत्रिक सम्पत्ति लगाएतका अन्य सबै चल अचल सम्पत्तिमा लगाएतका अन्य सबै चलअचल सम्पत्तिमाथी पुरुषहरूक नै स्वामित्व रहेको छ। तर महिलाले माइतीबाट प्राप्त गरेको दाइजो पेवावापत तथा स्वाआर्जनका सम्पत्तिमा भने महिलाहरूको स्वामित्व स्थापित हुन नसकेको कारण उनीहरूको बढी योगदान रहेको घरधन्दा, केटाकेटीको हेरचाहार लगाएतका अन्य आर्थिक, निणर्यमा महिलाहरू पछाडि रहेका छन्। तर अर्न्यहरू सन्तान उत्पादन, शिक्षा, विवाह, घरायसी सामान खरीद घर भित्रका खाना भान्सा, मेलापात, सामाजिक कार्यामा निर्णयहरूमा महिलाहरू अगाडि रहेका छन् ( गुरुङ्ग, २०७२)।

जब सम्पत्तिमा निजी सम्पत्तिको प्रचलन सुरु भयो सबै भन्दा पहिले पुरुषहरूले यो सम्पत्ति कसमा हस्तान्तरण हुने भनेर घिनलाग्दो प्रश्न गरे। यस भन्दा पहिले करोडौं वर्षसम्म पनि यो घिन लाग्दो प्रश्न उठेको थिएन। त्यति बेला सबैलाई कसरी बाँच्ने भन्नेमात्रै थियो। पुरुषहरूले सम्पत्ति हस्तान्तरणको सवाल किनभने उनीहरू सत्ताको पछिपरेका थिए (भासिन, २००३)।


कतिपय समाजमा महिलाहरू उत्पादन कार्यमा प्रत्यक्ष संलग्न भई उनीहरू स्वयंले आयआर्जन गर्न सक्ने भएका कारण कम्तीमा पनि कमाईको परिचालन गर्न सक्ने अवस्थामा ति देशका महिलाहरू रहेका छन्। तर नेपाली समाजमा जहाँ प्रसस्त लैङ्गिक विभेद समाजमा महिला र पुरुषलाई फरक-फरक भूमिका गरिएका कारण प्रतिष्ठित एवं आयआर्जन हुने कार्यमा पुरुषको वाहुल्यता, कम प्रतिष्ठित बोझिला र कम आय आर्जन हुने र बढी समय लाग्ने काममा महिलालाई खटिनुपर्ने बाध्यता छ। उत्पादन अवस्थामा महिलाहरूलाई दोस्रो दर्जाको रूपमा वा पुरुषको सहयोगीका रूपमा हेर्ने कारणले महिला पुरुषको पहुँच उत्पादन संयन्त्रमा पुग्न सकेको छैन। यसैले उनीहरूले आफ्नो कमाई गर्न सक्ने छैनन्। परिणामस्वरूप सम्पत्तिको परिचालन पनि उनीहरूले गर्न सकेका छैनन्। नेपालमा पुरुषको तुलनामा महिलाको स्थिति र भूमिका अत्यन्तै न्यून भएको पाइन्छ। सामाजिक, शैक्षिक आर्थिक र नीति निर्माण जस्ता क्षेत्रमा पुरुषनै अधिपथ्य रहेको छ। पुरुषको तुलनामा महिलाहरू समान हुन नसक्नुको प्रमुख कारणमध्ये सम्पत्तिमाथीको स्वामित्वको अभाव पनि एक हो (स्त्रीशक्ति, २००४)।

## २.४ अवधारणात्मक ढाँचा

अध्ययन अनुसन्धानको क्रममा एउटा अवधारणा विकास हुन्छ, जसले शोधपत्रलाई निश्चत दिशा प्रदान गर्दछ। कुनै पनि घटना तत्कालिन परिस्थितिको उपज मात्र नभई त्यस

घटनालाई सामाजिक व्यवस्थाका अन्य तत्वहरूले प्रभाव पारेको हुन्छ। यिनै तत्वहरूको पहिचान गरी सुश्म विश्लेषणबाट स्पष्ट्र सैदान्तिक खाका प्रस्तुत गर्नु पनि यो शोधपत्रमा महत्वपुर्ण मानिन्छ ।

**चित्र नं २.१ : अवधारणात्मक ढाँचा**




चरहरु अन्य कुनै चरहरुमा आधारित हुन्छन् भने तिनीहरुको आधारमा परिवर्तनमा स्थिर हुने गर्दछन् भने त्यस चरलाई आश्रीत चर भनिन्छ । चरहरु अन्य चरको परिवर्तनको असरबाट प्रभावित हुँदैनन् भने त्यसलाई स्वतन्त्र चर भनिन्छ । माथिको अवधारणात्मक ढाँचामा आश्रित चर सम्पत्ति माथिको स्वामित्व रहेको छ, स्वतन्त्र चरहरुमा शैक्षिक स्थिति र चेतना, रोजगारीको अवस्था, दाइजोको पेवाको स्थिति रहेका छन् । यसरी स्वतन्त्र अवस्थाहरुले घर परिवारमा विवाहित महिलाहरुको सम्पत्तिमाथिको पहुँचलाई मजबुत बनाएको छ । स्वतन्त्र चरहरुले महिलाहरुको सम्पत्तिमाथिको स्वामित्व बढाएको छ । जब महिलाहरुको शैक्षिक स्थिति र चेतनाको अवस्था राम्रो हुन्छ । सम्पत्तिमाथिको स्वामित्व पनि राम्रो र मजबुत हुन्छ । रोजगारीको अवस्थाले महिलाहरुलाई सम्पत्तिमाथिको पहुँच र निर्णय गर्न सक्ने क्षमतालाई बलियो बनाएको हुन्छ । यसरी स्वतन्त्र चरहरुले विवाहित महिलाहरुको सम्पत्तिमाथिको स्वामित्व बढाएको छ ।

# अध्याय : तीन
# अध्ययन विधि

## ३.१ अध्ययन क्षेत्र छनोटको औचित्य

पोखरा महानगरपालिका गण्डकी प्रदेश भित्र पर्दछ । यस महानगरपालिकामा ३३ वटा वडाहरु रहेका छन् । पोखरा महानगरपालिकाभित्र जनसंख्याको हिसाबले सबैभन्दा ठुलो वडा नं. १७ रहेको छ । यस ठाउँमा वाह्य जिल्लाहरुबाट बसोबास गर्न आउने व्यक्तिहरु धेरै रहेका छन् । शेराजागृति टोल पनि वडा नं. १७ मा रहको छ । शेराजागृति टोलको अध्ययन यसअघि कसैले पनि नगरेको र स्थानिय भन्दा बाह्य जिल्लाबाट बसोबास गर्ने घरपरिवार धेरै भएकाले घरपरिवारमा सम्पत्तिमाथि महिलाको पहुँचको अवस्था कस्तो रहेको छ भनि अध्ययनको लागि यस क्षेत्रलाई छनोट गरिएको छ । यस अध्ययन क्षेत्रका विवाहित महिलाहरु शिक्षित, विभिन्न संघसंस्थामा सक्रिय रहेको हुनाले सम्पत्तिमाथिको स्वामित्व अवस्था कस्तो रहेको छ भनि अध्ययन गर्न यस क्षेत्रलाई छनोट गरिएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

कुनै पनि अनुसन्धान कार्यमा अनुसन्धान पद्धती महत्वपूर्ण हुन्छ ।अनुसन्धान उपयुक्त विधि अपनाई आफ्नो अध्ययनको उद्देश्य उन्मुख हुनु आवश्यक छ । अनुसन्धानविश्वसनियता र प्रभावकारीता कति छ भन्नको लागि त्यो अनुसन्धान कति व्यवस्थित विधिबाट गरिन्छ र त्यो विधि लक्षित उद्देश्य हासिल गर्न कति सार्थक रहन्छ भन्ने कुरामा भर पर्दछ । यस अनुसन्धानको घरपरिवारमा विवाहित महिलाहरुको सम्पत्तिमाथिको पहुँचको अवस्थाको बारेमा अध्ययन गर्नु रहेको छ । यस अध्ययन अन्तर्गत मुख्यतया व्याख्यात्मक र वर्णनात्मक किसिमको अनुसन्धान ढाँचा प्रयोग गरिएको छ ।

## ३.३ नमूना छनौट विधि

पोखरा महानगरपालिका वडा नं. १७ स्थित शेराजागृति टोल यस अध्ययनका लागि छनोट गरिएको अध्ययन क्षेत्र हो । उक्त अध्ययन क्षेत्रभित्र जम्मा १०२ घरधुरी रहेकोमा ७३ प्रतिशतको हिसाबले हुन आउने जम्मा ७५ घरधुरीलाई साधारण दैविक नमुना छनोट विधि अन्तर्गतको गोला प्रथाबाट नमुनाको रुपमा छनोट गरिएको थियो । ति नमुना छनोटमा परेका प्रत्येक घरधुरीबाट एक-एक जना विवाहित महिलाहरुलाई उत्तरदाताको रुपमा छनोट गरि छानिएका महिलाहरुबाट अध्ययनलाई आवश्यक पर्ने प्राथमिक तथ्याङ्कहरु अन्तर्वार्ता

अनुसूचीको माध्यमबाट प्राप्त गरिएको थियो । छनोटमा परेका घरधुरीमा  यदि एक भन्दा बढी विवाहित महिलाहरु रहेको अवस्थामा उत्तर दिन सक्ने इच्छुक कुनै एक जना महिलालाई छनोट गरी आवश्यक तथ्याङ्क संकलन गरिएको थियो । अध्ययनको क्रममा नमुनाको रुपमा छनोटमा परेका घरपरिवारलाई अध्ययनको इकाई मानी प्रत्येक घरपरिवारबाट छनोटमा परेका विवाहित महिलाहरुबाट आवश्यक पर्ने सबै खाले प्राथमिक तथायङ्कहरु संकलन गरी अध्ययनलाई सम्पन्न गरिएको छ ।

## ३.४ तथ्याङ्कको स्रोत र प्रकृति

यस अनुसन्धानमा प्राथमिक र द्वितीय स्रोतबाट तथ्याङ्क र सूचनाहरू संकलन गरिएको छ । प्राथमिक स्रोतबाट तथ्याङ्क संकलन गर्नका लागि अन्तर्वार्ता अनुसूचि र वैयक्तिक अध्ययन विधिहरू अपनाइएको थियो । यस्तै द्वितीय स्रोतबाट तथ्याङ्क संकलन गर्न विभिन्न लेख, रचना, अप्रकाशित शोधपत्र जस्ता स्रोतबाट सहायता लिइएकोछ । तथ्याङ्कको प्रकृति गुणात्मक र मात्रात्मक दुवै खालका छन् ।

## ३.५ प्राथमिक तथ्याङ्क संकलन विधि

### क) अन्तर्वार्ता अनुसूचि

अनुसन्धानको क्रममा उत्तरदाताहरूको लागि एउटा अनुसूची फारम तयार गरी सो फारम ७५ जना महिलाहरूलाई भेटी उनीहरूको अन्तर्वार्ता लिइएको थियो । उक्त फारममा विभिन्न किसिमका प्रश्नहरू राखिएको थियो, जसले उत्तरदाताको सम्पत्तिमाथीको पहुँच तथा निर्णय प्रक्रियामा भूमिका जस्ता विषयहरू समेटिएको छ ।

### ख) वैयक्तिक अध्ययन

यस विधि अनुसार शेरा जागृति टोलका महिलाहरूमध्ये उद्देश्यमूलक रूपमा परेमा ४ जना महिलाहरूको व्यक्तिगत अध्ययन गरिएको छ । उनीहरूको पारिवारिक जीवन, पारिवारमा रहेको सम्पत्ति तथा निजी सम्पत्तिमा स्वामित्वको स्थिति तथा सम्पत्ति परिचालनमा भूमिका लगायत अन्य विविध पक्षको बारेमा सूचना संकलन गरिएकोछ । यस वैयक्तिक अध्ययनको मुख्य उद्देश्य महिलाहरूको आर्थिक तथा सामाजिक निर्णय र पहुँचको वास्तविक अवस्थालाई उजागर गरी सोध कार्यलाई सत्यताको नजिक पुऱ्याउनु रहेको छ ।

### ग) अवलोकन

यस शोध अध्ययनका लागि पोखरा महानगरपालिका वडा नं. १७ शेराजागृति टोलका विवाहित महिलाहरुको सम्पत्तिमाथिको पहुँचको अवस्था कस्तो छ भनि अवलोकन

गरिएको छ । अवलोकनको क्रममा प्रत्येक उत्तरदाताको सम्पत्तिमाथिको अवस्था, घर परिवारमा निर्णय भुमिका, सम्पत्ति भोगचलन तथा घरजग्गाको अवस्थाको बारेमा प्राथमिक तथ्याङ्क संकलन गर्ने प्रयास गरिएको छ ।

## ३.६ द्वितिय तथ्याङ्क संकलन विधि

द्वितिय तथ्याङ्क विशेषगरी महिलाको सम्पत्ति सम्बन्धि प्रकाशित पुस्तकहरू, संविधान, संहिताहरू, विभिन्न सरकारी संस्थाका प्रतिवेदनहरू, लेख रचना, पत्र पत्रिकामा छापिएका समाचार, ईन्टरनेट आदि स्रोतबाट प्राप्त गरिएको थियो ।

## ३.७ तथ्याङ्क विश्लेषण एवं प्रस्तुतीकरण

अवलोकन, अन्तर्वार्ता अनुसूचि र वैयक्तिक अध्ययन मार्फत् यस अध्ययनको उद्देश्य प्राप्तिका लागि जम्मा गरिएका तथ्याङ्कहरूलाई तथ्याङ्कको प्रकृति र विशेषताका आधारमा विश्लेषण र प्रस्तुतीकरण गरिएको छ। प्राथमिक तथा द्वितीय जुनसुकै स्रोतबाट प्राप्त तथ्याङ्कलई व्याख्यात्मक र विश्लेषण गर्ने कोशिस गरिएको छ ।

# अध्याय : चार

# सामाजिक तथा जनसाङ्ख्यिक विश्लेषण

यस अध्यायमा शोधार्थीद्वारा निर्मीत निश्चित ढाँचामा रहेका अन्तरवार्ता अनुसूचीबाट प्राप्त तथ्याङ्कहरूलाई प्रस्तुतीकरण तथा विश्लेषण गरिएको छ ।

## ४.१ अध्ययन क्षेत्रको परिचय

उत्तरदाताहरूको सामाजिक तथा जनसांख्यिक विश्लेषण विश्व मानचित्रमा यस जिल्लाको अवस्थिती २८$^{o}$०६" उत्तरी अक्षांशदेखि २८$^{o}$३६" उत्तरी अक्षांशसम्म र ८३$^{o}$४०" पूर्व देशान्तर देखी ८४$^{o}$१२" पूर्वी देशान्तरसम्म फैलिएको छ। यस जिल्लाको सिमानामा पूर्वमा तनहुँ र लमजुङ पश्चिममा पर्वत र म्याग्दी उत्तरमा मनाङ र मुस्ताङ दक्षिणमा स्याङ्जा जिल्ला पर्दछन्। यस जिल्लाको कुल क्षेत्रफल २,०१,७०० हेक्टर रहेको छ। यो जिल्लाको आकार वृत्ताकार छ भने फैलावट करिब ६० किलोमिटरको हवाइ दुरीमा पूर्व पश्चिम एवम् उत्तर दक्षिण फैलिएको छ। समुद्र सतहदेखि मादि नदीको किनारमा करिब ४५० मिटर उचाइमा यस जिल्लाको होचो भाग उपस्थित छ ।

संघिय संरचना अनुसार कास्की जिल्लाको विभाजन साविकका अनुसार नगर र गा.वि.सका वडाहरुलाई समेटेर एक महानगरपालिका र चारवटा गाउँपालिकामा विभाजन गरिएको छ । यहि महानगरपालिका जनसंख्याको हिसाबले सबैभन्दा ठूलो वडा नं. १७ बिरौटा रहेको छ । यहाँ ब्राह्मण, क्षेत्री, गुरुङ्ग, कामी, सार्की, नेवार, मगर आदि जातजाति बसोबास गर्दछन् । यहाँ बसोबास गर्ने बासिन्दाहरु स्थानिय भन्दा धेरै बाहिर जिल्लबाट बसोबास गर्ने व्यक्तिहरु रहेका छन् । यस क्षेत्रको जिविकोपार्जनको मुख्य आधार वैदेशिका रोजगारी, व्यापार व्यवसाय, नेकरी रहेको पाइन्छ । यहाँका बासिन्दाहरुले मनाउने मुख्य चाडपर्वहरुमा दशैं, तिहार, ल्होसार, माताितर्थ औंसि, साउने संक्रान्ती, श्री पञ्चमी, कृष्ण जन्माष्टमी, तिज, रक्षा बन्धन, फागुपूर्णिमा, चैते दशैं आदि छन् ।

शेरा जागृति टोल सिद्धार्थ राजमार्ग देखि ५० मिटर भित्र पूर्वी भागमा रहेको छ । यस टोलमा जम्मा १०२ घरधुरी रहेका छन् । यहि १०२ घरधुरी मध्ये ७५ वटा घरधुरी परिवारका विवाहित महिलाहरुको सम्पत्ति माथिको पहुँच पत्ता लगाउनको लागि यस अध्ययन गरिएको छ ।

## ४.२ सामाजिक तथा साँस्कृति अवस्था

अध्ययन क्षेत्रको छनोटमा परेका पोखरा महानगरापलिका वडा नं. १७ शेराजागृति टोलका विवाहित महिलाहरुको सामाजिक, साँस्कृतिक अवस्थालाई विश्लेषण गरिएको छ।

### ४.२.१ उमेरगत विश्लेषण

सामान्यतया मानिसको उमेरले उत्पादनको क्षेत्रमा ठूलो प्रभाव पार्दछ। ०-१५ वर्ष मुनी र ६० वर्ष भन्दा माथिको उमेरसमुहका मानिसहरू बढी उत्पादन मुखी कार्यहरू गर्न सक्दैनन्। १५-६० वर्ष सम्मका मानिसहरूले जिम्मेवारी तरिकाले आफ्ना कार्यहरू गर्न र उत्पादन मुखी बनाउन समर्थवान् हुन्छन्। उमेर अनुसार उत्तरदाताहरूको अवस्था, तालिका नं. ४.१ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.१ : उमेरको आधारमा उत्तरदाताको विवरण**

| उमेरको आधारमा उत्तरदाता | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| २० - ३० वर्ष सम्म | १६ | २१.३० |
| ३०-४० वर्ष सम्म | ३० | ४०.०० |
| ४०-५० वर्ष सम्म | १९ | २५.३० |
| ५० देखि माथि | १० | १३.३० |
| जम्मा | ७५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

सर्वेक्षणमा गरिएका ७५ जना उत्तरदाता मध्ये २०-३० वर्षसम्म १६ जना अर्थात् २१.३% रहेका छन् भने ३०-४० वर्षसम्मका ३० अर्थात् ४०%  रहेका छन्। त्यसैगरी ४०-५० वर्षसम्मका १९ अर्थात् २५.३% जना र ५० माथि १० जना अर्थात् १३.३ जना रहेको पाइयो। यसरी तालिकामा ३० वर्षदेखि ४० वर्ष सम्मको बाहुल्यता देखिन्छ। किनभने सर्वेक्षण क्षेत्रमा बहिरी जिल्लाबाट बसाई सरी आएको पाइन्छ। यहाँका धेरै जसो पुरुषहरू र केही महिला रोजगारीको सिलसिलामा विदेश गएको देखियो। विदेशमा राम्रो आम्दानी भएकाले आफूले कमाएको पैसाले बस्ने बास बनाउनुपर्छ भन्ने मुख्य उद्देश्य अनुरूप घरघरेडीमा पैसा लगानी गरेको देखिन्छ। उत्तरदाताको श्रीमान् विदेश भएकाले र अहिले सरकारले महिलाको नाममा घर जग्गा हुँदा राजश्व छुट गराइदिएकाले महिलाको नाममा घरजग्गा भएको देखिन्छ। ३०-४० वर्षसम्मको किन बाहुल्यता बढी भयो भने २५-२६ वर्षमा बिहे गरेर श्रीमतीलाई बालबच्चा हेर्न बजार राखी पुरुषहरू वैदेशिक रोजगारीमा जाने

भएकाले नेपालमा श्रीमतीले छोराछोरी तथा सासु ससुराको स्याहार सुसार गर्ने घर बनाउने काम गर्ने गरेको पाइन्छ।३०-४० वर्ष उमेर समूहका महिलाहरुको नाममा घरजग्गा हुदाँ महिलाहरुले त्यो सम्पतिलाई परिचालन गर्ने गरेको उत्तरदाताले बताएका छन् । सम्पति परिचालन गर्दा केहि महिलाले घर भाडामा दिएको, केहि महिलाले घर धितोमा राखि व्यापार व्यवसाय सञ्चालन गरेको पाइन्छ । यसरी सम्पति परिचालन गर्दा आफ्नो निर्णयमा श्रीमानको पनि साथ रहेको उत्तरदाताले बताएका छन् ।

### ४.२.२ धार्मिक मूल्यमान्यताको आधारमा उत्तरदाताका विवरण

धर्मका आधारमा सामाजिक रितिरिवाज, चालचलन, रहनसहन के-कस्ता हुन्छन् भन्ने कुरा निर्धारण गर्न सकिन्छ। अध्ययन क्षेत्रमा कुन धर्म मान्ने उत्तरदाताहरु कति रहेका छन् भन्ने कुराको विश्लेषण तालिका नं. ४.२ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.२ : धर्मको आधारमा उत्तरदाताको विवरण**

| विवरण | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ६५ | ८६.७ |
| बौद्ध | ७ | ९.३ |
| क्रिश्चियन | ३ | ४ |
| जम्मा | ७५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिका नं. ४.२ मा  यो स्पष्ट हुन्छ कि हिन्दु धर्म मान्ने ६५ जना अर्थात् ८६.७ %, बौद्ध धर्म मान्ने ७ जना अर्थात् ९.३%, क्रिश्चियन धर्म मान्ने ३ जना अर्थात् ४ प्रतिशत उत्तरदाता रहेको पाइयो। तालिकाबाट के प्रष्ट हुन्छ भने हिन्दु धर्मालम्वीहरूको बाहुल्यता देखिन्छ। यसरी विभिन्न धर्म मान्ने र आ-आफ्ना संस्कृति मूल्यमान्यता भएपनि धार्मिक सहिष्णुताका आधारमा सबै धर्माबलम्वीहरू मिलेर बसेको पाइन्छ। एउटा हिन्दु धर्म मान्नेको घरमा पूजा, विवाह, व्रतवन्ध हुँदा क्रिश्चियन र बौद्ध धर्म मान्नेहरूलाई निमन्त्रणा गरेको पाइन्छ। त्यो निमन्त्रणा स्वीकार गर्दै  क्रिश्चियन र बौद्ध धर्म मान्ने व्यक्ति पनि कार्यक्रममा सहभागी भएको पाइन्छ। ज्यूदाको जन्ती मर्दाको मलामी भने झैं एक अर्कालाई साथ सहयोग गरी आपसमा मिलेर बसेको र धर्म जात भन्दा पनि हामी छिमेकी हौ भन्ने भावना, दाजुभाई, दिदीबहिनी हौ भन्ने भावना राखेको पाइन्छ। जसले गर्दा सकरात्मक सोचको प्रभाव परेको उत्तरदाताले बताएका छन् ।

### ४.२.३ उत्तरदाताको शैक्षिक स्थिती

मानव विकासको लागि शिक्षा अति नै महत्वपूर्ण आधार हो। शिक्षाले नै मानिसको चौतर्फी विकास गरेर जीवनलाई स्वाबलम्वी, आत्मनिर्भर र आत्मविश्वास बढाउन सार्थक भूमिका खेल्दछ। अशिक्षा नै सबै समस्याको जड भएकाले शिक्षा बिना देश विकासको कल्पना पनि गर्न सकिदैन। शिक्षाको सामाजिक उद्देश्यले समाज अनि सम्पूर्ण नागरिकहरूलाई शिक्षित, योग्य र असल नागरिक बनाउने लक्ष्य राखेको हुन्छ। यस अध्ययनमा पोखरा महानगरपालिका वडा नं. १७ शेरा जागृति टोलका उत्तरदाताहरूको शैक्षिक अवस्थाका सम्बन्धमा गरिएको अध्ययनबाट प्राप्त तथ्यांकलाई तालिका नं. ४.३ प्रस्तुत गरिएको छ।

**तालिका ४.३ : शैक्षिक स्थितिको आधारमा उत्तरदाता**

| शैक्षिक स्तर | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | ५ | ६.७ |
| साक्षर | ९ | १२ |
| एस.एल.सी/एस.ई.ई | १९ | २५.३ |
| दश जोड दुई | २० | २६.७ |
| स्नातक | १६ | २१.३ |
| स्नातकोत्तर | ६ | ८ |
| जम्मा | ७५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिका ४.३ बाट यो स्पष्ट हुन्छ क निरक्षर उत्तरदाता ५ जना वा ६.७ % रहेको पाइयो। ९ जना अर्थात् १२% उत्तरदाता साक्षर रहेको पाइयो। १९ जना अर्थात्२५.३% उत्तरदाता एस.एल.सी उर्त्तिण गरेको पाइयो। २० जना अर्थात् २६.७% उत्तरदाता दश जोड दुई उत्तिर्ण गरेको पाइयो १६ जना अर्थात् २१.३ % उत्तरदाता स्नातक गरेका ६ जना अर्थात् ८ % उत्तरदाता स्नातकोत्तर सम्म उत्तिर्ण गरेको पाइयो। अध्ययन क्षेत्रका महिलाहरू दश जोड दुई अर्थात् उच्च मा.वि.सम्मको पढाइमा मात्र बाहुल्यता भएको पाइयो भने थोरै मात्रामा स्नातक र स्नातकोत्तर सम्म पढेको पाइयो।यसरी अध्ययन क्षेत्रका महिलाहरु बढि शिक्षित हुनुमा पछिल्लो समयमा महिलाहरु पनि पढेर केहि गर्नुपर्छ भन्ने सोच राख्दै आफू शिक्षित भये भने पछि भई परि आउने जस्तो सुकै समस्या परिस्थिति सँग पनि सामना गर्न

सक्ने र निर्णय लिन सक्ने क्षेमता हुन्छ । शिक्षा प्राप्त भयो भने आफुलाई आवश्यक परेको र इच्छा गरेको बेला आफ्नो योग्यता अनुसार नोकरी गर्न पाउने कुरा उत्तरदाताले बताएका छन् ।

### ४.२.४ उत्तरदाताको जात/जातिगत अवस्था

समाज मानिसहरूको समुह हो र त्यो समुहमा विभिन्न जातजाति र उनीहरूको सामाजिक सांस्कृतिक परम्पराहरूको निरन्तरता रहेको हुन्छ। यसकारण सामाजिक अध्ययनको सिलसिलामा विभिन्न जातजातिहरूको अध्ययन गर्नुलाई महत्वका साथ हेरिन्छ । संसारभरि नै विविधतापूर्ण जातिगत उपस्थिति रहेको छ । हिन्दु सामाजिक सङ्गठन भित्रको अत्यन्तै महत्वपूर्ण इकाइको रूपमा जाति व्यवस्थालाई लिइएको छ। जातिको परिभाषा परिवार वा परिवारहरूको सङ्कलनको रूपमा लिन सकिन्छ । जाति व्यवस्था हिन्दु समाजमा पाइने सामाजिक सङ्गठन तथा संस्था हो ।श्रम विभाजन निश्चित आचरणमा राख्नु, सामाजिक एकता, सांस्कृतिक हस्तान्तरण र स्थायित्व, सामजिक स्थायित्व जाति व्यवस्थाका गुणहरू हुन् । जातिगत अवस्थाले विभिन्न पक्षहरूलाई प्रभाव पार्ने भएकाले यस अध्ययनमा पनि शेरा जागृति टोलका उत्तरदाताहरूको जातिगत विवरण अध्ययन गरिएको थियो । जुन यसप्रकार छ :

**तालिका ४.४ : उत्तरदाताको जात र जातिगत विवरण**

| जातजाति | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ब्राह्मण | ३५ | ४६.६६ |
| क्षेत्री | २२ | २९.३३ |
| जनजाती | १५ | २० |
| दलित | ३ | ४ |
| | ७५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिका नं. ४.४ का अनुसार पोखरा महानगरपालिका वडा नं. १७ शेरा जागृति टोलका उत्तरदाताहरूको जातिगत अवस्थाको अध्ययन गर्दा सबैभन्दा धेरै ४६.६६% उत्तरदाता ब्राह्मण जातिको रहेको पाइयो । त्यस्तै क्षेत्री २९.३३%, जनजाति २०% र सबैभन्दा कम दलित ४% रहेको पाइयो ।

### ४.२.५ परिवारको स्वरूप

परिवार अत्यन्तै पुरानो सार्वभौम प्रकृतिको सामाजिक संस्था हो, प्रत्येक कालखण्डमा समाजमा जे जस्तो प्रकृति भएपनि परिवारको स्वरूप परिवर्तित अवस्थामा प्रत्येक समाजमा

देख्न सकिन्छ। परिवार त्यस्तो सामाजिक संस्था हो, जसमा कम्तिमा पनि एक श्रीमान्, एक श्रीमती र तिनका बालबच्चा र यो भन्दा बढी सङ्ख्या अन्य परिवारका सदस्यहरू रहेका हुन सक्दछन्। एउटा परिवारका सदस्यहरू बीच एउटै भान्सा र एउटै व्यक्तिले परिवारलाई खास संरक्षण र नेतृत्व दिएका हुन्छन्। यसरी निर्माण भएको मानिसको सानो देखि ठूलो समुह परिवार हो। परिवारका स्वरूप सत्ताका आधारमा पितृसत्तात्मक परिवार र मातृसत्तात्मक परिवार विवाहका आधारमा एक विवाही परिवार, बहुविवाह परिवार सङ्ख्याका आधारमा बृहत् परिवार, संयुक्त परिवार र केन्द्रिय परिवार रहेको पाइन्छ। अध्ययन क्षेत्रमा उत्तरदाताहरूको परिवार सङ्ख्या विवरण तालिका नं. ४.५ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.५ :परिवार सङ्ख्याको आधारमा उत्तरदाताहरू**

| **परिवारको संख्या** | **घरपरिवार सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| ३ जनासम्म परिवार हुने | ६ | ८ |
| ४ देखि ६ जनासम्म परिवार हुने | ६४ | ८५.३ |
| ७ भन्दा माथि परिवार हुने | ५ | ६.७ |
| जम्मा | ७५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिकानं. ४.५ बाट के स्पष्ट हुन्छ भने ३ जना सम्म परिवार सङ्ख्या हुने ६ जना उत्तरदाता अर्थात् ८ प्रतिशत रहेको पाइयो। ४ देखि ६ जना सम्म परिवार सङ्ख्या ६४ जना अर्थात् ८५.३ प्रतिशत जना उत्तरदाता रहेको पाइयो।७ जना भन्दा माथि परिवार सङ्ख्या ५ जना अर्थात् ६.७ प्रतिशत जना उत्तरदाता रहेको पाइयो। विशेष गरी ४ जना देखि ६ जनासम्म परिवार सङ्ख्या ८५.३ उत्तरदाताहरूको बाहुल्यता रहेको पाइयो। बाहिर बाट आएर बसोबास गरेकाले धेरै महिलाको नाममा घरजग्गा रहेको र धेरै महिला शिक्षित भएको देखियो। उत्तरदाताको भनाई अनुसार घरजग्गा, बैंक ब्यालेन्स महिलाको नाममा भएपनि परिवारमा हुने ठूलो काम कार्यहरूमा निर्णय लिनुपर्दा श्रीमान् श्रीमती दुवै मिलेर गर्दै आएको पाइयो। तरकारी, खाद्यान्न तथा आफ्नो श्रृङ्गारको सामान किन्नुपर्दा आफै निर्णय गरेको र घरजग्गा किनबेच गर्नुपर्दा छोराछोरीको विवाह, व्रतवन्ध गर्नुपर्दा दुवै श्रीमान् श्रीमतीको निर्णयले अगाडि बढेको पाइयो।

### ४.२.६ उत्तरदाताको परिवारको प्रकार

श्रीमान श्रीमती र अविवाहित छोराछोरी रहेको परिवारलाई एकल परिवार भनिन्छ ।श्रीमान,श्रीमती, बाबु, आमा, अविवाहित छोराछोरी अर्थात तिन पुस्ता सम्म सँगै बसोबास गर्ने परिवारलाई संयुक्त परिवार भनिन्छ ।तीन पुस्ता भन्दा बढि सदस्यहरु सँगै मिलेर बसेको परिवारलाई बृहत् परिवार भनिन्छ । अध्ययन क्षेत्रमा गरिएको सर्वेक्षण अनुसार उत्तरदाताहरूको उत्तरको आधारमा परिवारको प्रकार तालिका नं. ४.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.६ : उत्तरदाताको परिवारको प्रकार**

| परिवारको प्रकार | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| संयुक्त परिवार | ३५ | ४६.७ |
| एकल परिवार | ४० | ५३.३ |
| जम्मा | ७५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिक नं. ४.६ बाट के स्पष्ट हुन्छ भने अध्ययन क्षेत्रमा एकल परिवारको सङ्ख्या ४० अर्थात् ५३.३ उत्तरदाता रहेको पाइन्छ। संयुक्त परिवारमा ३५ जना अर्थात् ४६.७ उत्तरदाता रहेको देखियो उक्त तालिकाबाट के प्राप्त हुन्छ भने अध्ययन क्षेत्रमा एकल परिवारको बाहुल्यता रहेको छ । एकल परिवारको बाहुल्यता रहनुमा बाहिर बाट बसाई सरी आएका परिवार रहेका छन् । परिवारका अन्य सदस्य आफ्नै पुर्ख्यौली जग्गमा बसोबास गरेको र आफूहरुलाई बालबच्चा पढाउन र नोकरी गर्न परिवारबाट छुट्टिएर बजारमा घर बनाइ बसेको उत्तरदाताले बताएका छन् । एकल परिवार र संयुक्त परिवार मध्ये एकल परिवार भएका महिलाहरुको सम्पत्ति परिचालन र निर्णय लिन सक्ने क्षमता बढि रहेको पाइन्छ । घरायसी काम विवाह, ब्रतवन्ध, पूजा जस्ता कार्य बाहिरको काम व्यापार, व्यवसाय गर्दा घरजग्गा किनबेच गर्दा, बैंक ब्यालेन्स राख्दा, छोराछोरीको पढाई जस्ता कार्यमा सम्पत्ति परिचालन तथा निर्ण लिदा श्रीमतीको निर्णयमा श्रीमानको पुरा साथ र समर्थन रहेको उत्तरदाताले बताएका छन् ।

# अध्याय : पाँच
# सम्पत्तिमाथिको स्वामित्वको अवस्था

विवाहित महिलाहरूको घरपरिवारमा सम्पत्तिमाथिको पहुँच र श्रम विभाजनको आधारमा कार्य गर्ने उक्त विवाहित महिलाको अधिकांश परिवारका महिलाहरू घरायसी कार्य, बच्चाको हेरचाह जस्ता प्रत्यक्ष कार्यमा संलग्न देखिन्छन् । बाहिरबाट आएर बसोवास गरेको तथा घर बाहेक अन्य जग्गाजमिन नभएको कारण परम्परागत कृषि तथा पशुपालनको काम महिलाले गरेको देखिएन तर प्रौढ विवाहित महिलाहरू भन्दा युवा उमेरका विवाहित महिलाहरू आत्म निर्भर बनेको देखियो । युवा उमेरका विवाहित महिलाहरू विभिन्न क्षेत्रमा सक्रिय रहेको पनि देखियो जस्तै पसल, पार्लर, नोकरी, अनलाईन व्यवसाय, धितोपत्र कारोबार आदि कार्यमा संलग्न रहेको देखियो । अध्ययन क्षेत्रका प्रौढ उमेरका विवाहित महिलाहरू शिक्षामा कमजोर भएपनि युवा उमेरका विवाहित महिलाहरूको शैक्षिक अवस्था राम्रो रहेको पाइयो अहिले कोरोना महामारीको कारणले ल्याएको विषम परिस्थितिमा महिलाहरूले आफ्नो व्यापारलाई अनलाइन व्यवसाय गरेर आफ्नो आर्थिक अवस्थालाई मजबुत बनाइ निरन्तर दिईएको पाइयो । केही शिक्षित महिलाहरू कारोबारमा पनि सक्रिय रहेको पाइयो । वैदेशिक रोजगारको क्षेत्रमा महिला भन्दा पुरुषहरू नै अगाडि रहेको पाइयो । राजश्वमा छुट तथा श्रीमान बाहिर भएकाले नै धेरै विवाहित महिलाहरूको नाममा घरजग्गा रहेको पाइयो । यसरी विवाहित महिलाको नाममा घरजग्गा भएतापनि बेचबिखनको अन्तिम निर्णय महिला पुरुष दुवैको भूमिका रहेको पाइयो ।

## ५.१ पैतृक सम्पत्तिमा उत्तरदाताको स्वामित्व

नेपाली समाजमा पैतृक सम्पत्ति माथि पुरुषको नै पहुँच छ । कानुनी वा कागजी रूपमा छोराछोरी दुवैलाई पैतृक सम्पत्तिमा समान हकदार हुने व्यवस्था गरिएता पनि छोरीलाई अझै सम्म बाबुआमाले पैत्रिक सम्पत्ति दिएको पनि देखिदैन र छोरीहरू पनि चेतनाको कमिको साथै पारिवारिक वैमनश्यता झगडा र अविश्वासको डरले गर्दा पैत्रिक सम्पत्तिमा हक जगाउन नसकेको स्थिति हुँदा माइतीको सम्पत्ति पाउने कुनै महिला पाइदैन । घरतिरको पैतृक सम्पत्तिमा संयुक्त परिवारमा रहने महिलाको पैतृक सम्पत्तिमा पनि कुनै भोग चलनका अवस्था रहेको पाइयो । यस अध्ययन क्षेत्रका महिलाहरूका पैतृक सम्पत्ति र अनय सम्पत्ति विवरण निम्नानुसार रहेको छ ।

**तालिका ५.१ : अध्ययन क्षेत्रका महिलाहरूको पैतृक सम्पत्ति र अन्य सम्पत्ति विवरण**

| क.सं. | विवरण | जना | प्रतिशत |
|---|---|---|---|
| १. | महिलाको नाममा जग्गा हुने | ६२ | ८२.७ |
| २. | श्रीमानको नाममा जग्गा हुने | ४ | ५.३ |
| ३. | घर मुलीको नाममा जग्गा हुने | ९ | १२ |
| | जम्मा | ७५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिका नं. ५.१ अनुसार ६२ जना अर्थात ८२.७ प्रतिशत महिलाको नाममा घर जग्गा रहेको छ। पुरुषको नाममा ४ जना अर्थात ५.३ प्रतिशत नाममा घर जग्गा रहेको छ भने संयुक्त परिवारमा रहेको घर मुलीको नाममा ९ जना अर्थात १२ प्रतिशत जनाको रहेको छ।अध्ययन क्षेत्रमा सबै भन्दा बढि घरजग्गा महिलाको नाममा रहेको छ। महिलाको नाममा बढि घरजग्गा हुनुमा राजस्व छेट हुने भएकाले, श्रीमान बाहिर भएकाले र आफ्नै कमाई भएकाले आफ्नो नाममा घरजग्गा भएको उत्तरदाताले बताएका छन्।

माथिको तथ्याङ्क अनुसार पुरुषको तुलनामा महिलाको सम्पत्ति ८२.७ प्रतिशत देखिएको छ। उनीहरूको मात्र सम्पत्रि दर्ता हुनुका कारण विवरण निम्नानुसार रहेको छ।

**तालिका ५.२ : महिलाको नाममा सम्पत्ति दर्ता हुनुका कारण**

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | राजश्व छुट हुने भएकाले | ४५ | ७२.६ |
| २. | श्रीमान बाहिर भएकाले | ५ | ८.१ |
| ३. | आफ्नै कमाइ भएकाले | १२ | १९.३ |
| | जम्मा | ६२ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

माथिको तालिका नं. ५.२ अनुसार महिलाको नाममा मात्रै सम्पत्ति ६२ जना रहेको छ। यसरी उनीहरूको नाममा सम्पत्ति रहनुको कारण राजश्व छुट हुने भएकाले ४५ जना, श्रीमान बाहिर भएकाले ५ जना, आफ्नै कमाई भएकाले १२ जना महिलाको नाममा सम्पत्ति रहेको पाइन्छ।

## ५.२ दाइजोमा स्वामित्व

हिन्दु संस्कार अनुसार छोरीलाई कन्यादान गर्ने प्रचलन रहेको छ। जन्मघर बाट कर्म घर पठाउने, पाले पुण्य मारे पाप भनि विवाह गराइदिने प्रचलन रहेको छ। यसरी विवाह गरी पठाउदा माइतिको तर्फबाट विभिन्न उपहारहरू दिइन्छ। त्यसैलाई नै दाइजो भनिन्छ। विवाहमा उपहार प्रदान गर्नु राम्रो पक्ष हो तर यसरी दिइने उपहार तथा दाइजो केटा पक्षको माग हुनु राम्रो पक्ष मानिदैन। दाइजो एउटा संस्कारको रूपमा रहिरहेको छ। दाइजो माग्नु प्रचलन भएको छ र महिलापनि धेरै दाइजो ल्याउनमा गर्व गर्ने गरेको पाइन्छ। यसरी ल्याउने दाइजोमा महिलाको हक अधिकार कस्तो छ त्यो यस अध्ययन क्षेत्रमा विश्लेषण गर्न लागिएको छ। विवाहका प्रकारहरू धेरै हुन्छन्। अध्ययन क्षेत्रका विवाहित महिलाहरू विभिन्न जाति र धर्म मान्ने भएकाले यस क्षेत्रमा विवाहका प्रकार मागी विवाह, प्रेम विवाह, अन्तरजातिय विवाह यी तीन प्रकारका विवाह मध्ये धेरै मागी विवाह भएको देखिन्छ। विवाहमा दाइजो ल्याउँदा सुनका गहना, नगद, अन्य जिन्सी सामान ल्याएको पाइन्छ।

**तालिका नं. ५.३ : अध्ययन क्षेत्रका विवाहित महिलाको दाइजोका प्रकार**

| क्र.सं. | दाइजो | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | जिन्सी (फर्निचर) | १० | १३.४ |
| २. | नगद | ७ | ९.३ |
| ३. | गरगहना | ७ | ९.३ |
| ४. | नगद र गरगहना | १९ | २५.३ |
| ५. | गहना र इलेक्ट्रोनिक्स सामान | १० | १३.३ |
| ६. | दाइजो नल्याउने | २२ | २९.४ |
| | जम्मा | ७५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिका नं. ५.३ अनुसार अध्ययन क्षेत्रका ७५ जना विवाहित महिला मध्ये ५३ जना अर्थात् ७०.६६ प्रतिशत महिलाले विवाहमा दाइजो ल्याएको पाइयो भने २२ जना अर्थात् २९.३३ प्रतिशतले दाइजो नल्याएको पाइयो। जिन्सी (फर्निचर) ल्याउने १० जना, नगद ल्याउने ७ जना, गरगहना ल्याउने ७ जना, नगद र गरगहना ल्याउने १९ जना, गहना र

इलेक्ट्रोनिक्स सामानल्याउने १० जना विवाहित महिलाले दाइजो ल्याएको पाइयो। उत्तरदाताको भनाई अनुसार उक्त दाइजोमा भोगाधिकार महिलाहरू आफैँ गरेको पाइयो ।

**तालिका नं. ५.४ : अध्ययन क्षेत्रका विवाहित महिलाहरूको विवाहको प्रकार**

| क्र.सं. | विवाह | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | मागी विवाह | ५० | ६६.६६ |
| २. | प्रेम विवाह | १७ | २२.६ |
| ३. | अन्तरजातिय विवाह | ८ | १० |
| | जम्मा | ७५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिका नं. ५.४ अनुसार अध्ययन क्षेत्रका ७५ जना विवाहित महिला मध्ये ५० जना अर्थात् ६६.६६ प्रतिशत विवाहित महिलाको मागी विवाह भएको पाइन्छ भने १७ जना अर्थात् २२.६ प्रतिशत विवाहित महिलाको प्रेम विवाह भएको पाइन्छ। ८ जना अर्थात् १० प्रतिशतको अन्तरजातिय विवाह भएको पाइन्छ। मागि विवाह गरेता पनि दाइजो नल्याउने ५ जना, दाइजो ल्याउने ४५ जना महिला रहेका छन्। प्रेम विवाहमा दाइजो नल्याउने १० जना र दाइजो ल्याउने ७ जना रहेका छन् । अन्तरजातिय विवाहमा ५ जनाले दाइजो नल्याएको र २ जनाले दाईजो ल्याएको पाइन्छ । दाईजो ल्याएका महिलाहरुले आफूले ल्याएको दाईजो आफै राखेको र नगद, गरगहनालाई परिचालन गरेको र अन्य जिन्सी सामान जस्तै फर्निचरका सामा सोफा, दराज, पलाङ, फ्रिज, टि.भि, मेसिन, भाडाहरुलाई आफूले प्रयोग गर्दै आएको र यि सबै सामानहरुको आफ्नै स्वामित्व रहेको उत्तरदाताले बताएका छन्।

## ५.३ व्यापार/व्यवसायमा उत्तरदाताको स्वामित्व

नेपालमा आजभोलि व्यापारलाई रोजगारीको विकल्पको रूपमा अपनाउँदै आएका छन्। अध्ययन क्षेत्रका महिलाहरू पनि विभिन्न पेशा व्यापार गर्दै आएका छन् ।कुनै विवाहित महिलाहरू पतिसँग संलग्न भएर गरेका छन् भने कुनै विवाहित महिला एक्लैले गरेका छन्। ४ जना महिला मध्ये ३ जनाले बाहिर सटर लिएर पार्लर गरेको १ जना महिलाले घरमै सटर लिएर सञ्चालन गरेको, किराना पसल आफ्नै सटरमा ७ जना महिलाले सञ्चालन गर्दै आएको पाइयो। अहिलेको यो कोरोना महामारीको विषम परिस्थितिको कारणले गर्दा बजारलाई अस्तव्यस्त पारेको बेला केही सक्रिय महिलाले आफ्नो अनलाईन व्यापार

सञ्चालन गर्दै आएको र घरमा सानो बालबच्चा भएर केही काम गर्न नमिलेको महिलाहरूले धितो पत्र कारोबारलाई पनि राम्रो पेशाको रूपमा सक्रिय भएको पाइयो। यसरी प्रौढ महिला भन्दा युवा उमेरका महिलाहरू धेरै शिक्षित अनि क्रियात्मक भएकाले आफ्नो व्यापार व्यवसायलाई मजबुत बनाउने कार्यहरूमा उत्तरदाताहरूले आफ्नो निर्णय प्रयोग गरेको पाइयो। अध्ययन क्षेत्रका महिलाहरूले गरेको व्यवसायको विवरण निम्नानुसार रहेको छ।

**तालिका नं. ५.५ : उत्तरदाताको पेशाको विवरण**

| क्र.सं. | विवरण | जना | प्रतिशत |
|---|---|---|---|
| १. | गृहिणी | १९ | २५.३३ |
| २. | नोकरी | १० | १३.३३ |
| ३. | किराना पसल | ७ | ९.३३ |
| ४. | अनलाइन व्यापार, सेयर कारोबार | १९ | २५.३३ |
| ५. | फेन्सी | ६ | ८ |
| ६. | पार्लर | ४ | ५.३३ |
| ७. | भाडा पसल | ३ | ४ |
| ८. | रेष्टुरेन्ट | २ | २.६६ |
| ९. | अन्य | ५ | ६.६६ |
| | जम्मा | ७५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिका नं. ५.५अध्ययन क्षेत्रका महिलाहरू मध्ये ४६ जना अर्थात् ४६.२५% व्यापार व्यवसाय गरेको पाइन्छ। उत्तरदाताहरू मध्ये १० जनाले विभिन्न नोकरी गरेका छन्। त्यसै गरी १९ जना अर्थात् २५.४% महिला गृहिणीको रूपमा मात्रै सीमित रहेको पाइयो। शेयर कारोबार गर्दा महिलाहरू डिम्याट खाता खोली आई.पि.ओ भर्ने गरेको र सेकेण्डरी मार्केट खोलेर नेप्से कारोबार गरेको पाइयो। सेकेण्डरी मार्केटको कारोबार गर्दा आफूले भरेको आई.पि.ओ.हरू बेच्न पाउने र अर्को नयाँ शेयरहरू किन्न पाउने सुविधाले गर्दा समय, अध्ययन र लगानी राम्रोसँग गर्न सकियो भने आफूलाई फाईदा हुने उत्तरदाताले भनेको पाइयो। त्यसैगरी अनलाईन व्यापार व्यवसायमा पनि महिलाहरू निकै सक्रिय रहेको पाइयो। कोरोनाको कारणले अस्तव्यस्त बजार बनाएको बेला आफ्नो लगानी बलियो बनाउन व्यवसायीहरूले अनलाईन रोजेको पाइयो। अनलाइन व्यापारमा फेन्सी, कस्मेटिक,

पार्लर व्यवसायको माग धेरै रहेको र आफूले हातले बनेको सामग्रीलाई घरमै बसेर अनलाईन मार्फत उत्तरदाताले व्यापार गरेको पाइयो ।

## ५.४ नोकरीमा स्वामित्व

नेपाली समाजमा नोकरी जागिर गर्नुलाई सम्मानित पेशाका रूपमा हेरिन्छ। किनभने यस पेशाका लागि शिक्षा वा योग्यताको अनिवार्यता हुने गर्दछ। त्यसैले धेरै पढी राम्रो जागिर पाउने आशामा मानिसहरू शिक्षा आर्जन तर्फ प्रयत्नशिल रहेका देखिन्छन्। अध्ययन क्षेत्रमा गृहिणीको रूपमा रहेका महिलाको प्रमुख जिम्मेवारीमा छोराछोरीलाई स्कुलको लागि खाना, ड्रेस तयार गर्ने काम गरेको पाइयो ।

नेपालमा उद्योगधन्दा कलकारखानाको विकास हुन नसकेको कारण रोजगारीको क्षेत्रमा सीमित भएको हुँदा प्रतिस्प्रधात्मक बढी र त्यसमा पनि राजनैतिक अस्थिरता, दलिय स्वार्थ, नातावाद र भ्रष्टाचार जस्ता प्रवृत्तिले पनि शैक्षिक बेरोजगारीको सङ्ख्या दिनप्रतिदिन बढ रहेको छ। अध्ययन क्षेत्रका विवाहित महिलाहरू पनि व्यापार व्यवसायमा बढी संलग्न रहेको पाइयो भने नोकरी गर्ने महिलाको सङ्ख्या भने कम रहेको छ। केही पढेलेखेका महिलाहरू पनि बेरोजगार बस्न बाध्य छन्। यसरी नोकरी गर्ने महिलाहरूले आफ्नो कमाई आफ्नै इच्छाले नै उपभोग गरेका छन् भने श्रीमानले गरेको नोकरीबाट श्रीमानले खर्च छुट्याएर दिएको रकमले खर्च चलाउने गरेको पाइयो ।

**तालिका ५.६ : उत्तरदाताको नोकरीको विवरण**

| नोकरी | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सरकारी पेशा | ३ | ३० |
| शिक्षक | २ | २० |
| निजी क्षेत्र | ४ | ४० |
| वैदेशिक रोजगार | १ | १० |
| जम्मा | १० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

अध्ययन क्षेत्रका नोकरी गर्ने महिलाहरू जम्मा १० जना छन्। तिमध्ये सरकारी पेशामा ३ जना, शिक्षक २ जना, निजी क्षेत्रमा ४ जना र वैदेशिक रोजगारी १ जनाले काम गरेको पाइयो। आफूले काम गरेर प्राप्त गरेको आफ्नो कमाईमा आफ्नै स्वामित्व रहेको र आफै एक्लैले घरायसी काममा बालबच्चाको शिक्षामा सम्पत्ति परिचालन गर्दा आफ्नै स्वविवेकले निर्णय गर्ने गरेको उत्तरदाताले बताएका छन्।

## ५.५ वैदेशिक रोजगारी

देशको राजनितीक अस्थिरता २ दलिय स्वार्थका कारण उद्योग कलकारखानाको विकास हुन नसकिरहेको अवस्था एकतर्फ छ भने अर्को तर्फ विभिन्न सरकारी कार्यालय, सेना, प्रहरी, शिक्षक लगायतको क्षेत्रले देशको बढ्दो बेरोजगारीलाई थेग्न नसकी धेरै युवा शक्ति विदेश पलायन हुन बाध्य देखिन्छन् । नेपालको रोजगारीको ठूलो क्षेत्र कृषि भएतापनि राज्यको ध्यान कृषिको विकास र व्यवसायीकरणतर्फ जान नसकेको कारण पनि परम्परागत कृषि प्रणालीले वर्तमान युवा पिढीलाई आकर्षक गर्न सकेका छैनन् । जसका कारण वर्षेनी लाखौं युवायुवतीहरू विदेशिएका छन् । जसको प्रभाव अध्ययन क्षेत्रमा पनि देखिएको छ । शेरा जागृति टोलका महिलाहरू पनि वैदेशिक रोजगारमा गएको देखियो ।श्रीमान्सँग विदेश गएर आएका ५ जना महिला कामको सिलसिलामा १ जना महिला कोरिया बस्दै आएको पाइयो । रोजगारीको सिलसिलामा कोरिया बस्दै आएको उत्तरदाताको भनाई अनुसार दिनमा १२ घण्टा काम गर्ने गरेको आफूले कमाएको पैसा मध्ये केही आफ्नो खातामा राख्ने गरेको पाइयो, बाँकि रकम नेपालमा श्रीमान् बस्ने हुनाले घरजग्गा किन्न बनाउन लागेको खर्चको ऋण तिर्न पठाउने गरेको र त्यसबाट पनि बचेको रकम शेरा जागृति आमा समुहमा बचत गरेको पाइन्छ ।

## ५.६ स्वआर्जनमा स्वामित्व

महिला वा पुरुषले आफ्नो मेहनतले कमाएको वा आर्जन गरेको सम्पत्तिलाई स्वआर्जनको सम्पत्ति भनिन्छ । अध्ययन क्षेत्रका ४१ जना महिलाहरूले व्यवसाय गरी बसेका छन् । व्यवसाय गर्ने ४१ महिला मध्ये २७ जनाले आफैं एक्लैले व्यवसाय गरेकाले त्यो उनीहरूको आफ्नै आर्जन हो । १० जनाको नोकरीको कमाइ पनि आफ्नै आर्जन हो । यसरी आफैं आर्जन गर्दा त्यो पैसा उत्तरदाताले आफ्नै खुसीले प्रयोग गर्ने गरेको पाइयो । यसरी स्वआर्जनमा महिलाहरूले राम्रै आर्जन गरेको देखिन्छ । उत्तरदाता व्यवसायीको भनाई अनुसार किराना पसलबाट व्यापार राम्रो भएपनि धेरै नाफा हुदैन तर घाटामा व्यापार छैन । व्यापारबाट नाफा हुन आएको रकम बचत गर्ने गरेको र आफूलाई श्रृङ्गारका सामान तथा लत्ता कपडा किन्ने गरेको पाइयो । किराना पसलबाट महिनामा कम्तिमा नाफा १० देखि १५ हजारसम्म भएको र सबैभन्दा बढी पानी र दूध बिक्रि भएको पाइन्छ । जसमा उत्तरदाताले सहकारीमा मासिक ३,०००, आमा समुहमा मासिक १,००० बचत गर्ने गरेको पाइयो । निजि तथा सरकारी क्षेत्रमा नोकरी गर्ने महिलाहरूले मासिक १०,००० सहकारीमा, रु १,००० आमा समुहमा बचत गरेको बाँकी रकम आफ्नो श्रृङ्गार, लत्ताकपडा, खाजा, घुमफिर र औषधी उपचारमा खर्च गरेको पाइन्छ । यसरी आफ्नो कमाईको सदुपयोग गर्दै खर्च तथा बचत आफ्नो तरिकाले गर्न पाउँदा उत्तरदाता निकै खुशी भएको पाइन्छ ।

# अध्याय : छ

# सम्पत्ति भोगचलन तथा निर्णय प्रक्रिया

## ६.१ सम्पत्ति परिचालनमा विवाहित महिलाको भूमिका

परम्परादेखि नै पारिवारिक सम्पत्तिमाथिको स्वामित्व तथा सम्पत्ति परिचालनमा पुरुषको नै भूमिका रहेको छ । पुरुषहरूको नाममा नै पैतृक रहने गर्दछ । समय परिवर्तनसँगै महिलाहरूको पनि सम्पत्तिमाथिका स्वामित्व तथा परिचालनको अवस्था बन्दै गएको छ । अध्ययन क्षेत्रका विवाहित महिलाहरूको सम्पत्ति परिचालनमा कस्तो भूमिका रहेको छ भनी अध्ययन गरिएको छ ।

### ६.१.१ शिक्षा

मावन जीवनमा हरेक क्षेत्रमा शिक्षाको ठूलो महत्व रहेको छ । शिक्षाले गर्दा नै मानिसले आफ्नो जीवन सरल र सहज बनाउन सकेका छ । सामाजिक विकास मात्र नभएर मानव विकासका लागि पनि शिक्षा अपरिहार्य आवश्यकता छ । शिक्षा व्यवस्था तथा विकास युग अनुसार फरक भए तापनि शिक्षा सबैका लागि सदैव महत्वपूर्ण रहि आएको छ । तथापी विगतमा नेपालको सामाजिक अवस्था र देशको शासन व्यवस्थाले गर्दा शिक्षा अवसरहरूबाट वञ्चित हुनेहरूको सङ्ख्या धेरै थियो अहिले शिक्षाबाट वञ्चित हुनुपर्ने अवस्था कम छ । त्यसैले समुन्नत समाजको निर्माण शिक्षाबाटै सम्भव हुने हुँदा विकासको मेरुदण्डका रूपमा शिक्षालाई लिने गरिन्छ । शिक्षाको पहुँच रहेको पोखरा महानगरपालिका वडा नं. १७ शेरा जागृति टोलमा विवाहित महिलाको शिक्षाको अवस्था राम्रो नै रहेको छ । विभिन्न कारणले जागिर गर्न नपाए पनि धेरैजसो महिलाहरू शिक्षित छन् ।

#### क) बालबच्चाको शिक्षामा सम्पत्ति परिचालनमा महिलाको भूमिका

अध्ययन क्षेत्र पोखरा महानगरपालिका वडा १७ स्थित शेराजागृति टोलमा रहेकाले यो शिक्षाका लागि अति सुगम स्थान हो । अध्ययन क्षेत्रभित्र र नजिकै विभिन्न सामुदायिक र निजी विद्यालय रहेका छन् । अध्ययन क्षेत्रमा रहेका विवाहित महिलाहरूको परिवारको आर्थिक अवस्था राम्रो रहेको छ । अहिलेको अवस्थामा सबैले शिक्षाको महत्व मशसुस गरेकाले धेरै परिवारले बालबच्चाको शिक्षामा लगानी गरेको पाइन्छ । बालबच्चालाई निजी विद्यालयमा भर्ना गर्ने उनीहरूका होमवर्क, ड्रेस, कापीकलममा अभिभावकको समय खर्चिने आदि देखिनाले बालबच्चाको शिक्षामा लगानी देखिन्छ ।

अध्ययन क्षेत्रमा लिइएका विवाहित महिलाहरूमा दुई पुस्ता सासु र बुहारी रहेका छन् । जसमा सासुको समयमा छोराछोरीको लागि फि तिर्ने काम पुरुषले नै गर्ने र बुहारीको समयमा केही विवाहित महिला आफैँले र केही विवाहित महिला र श्रीमान् दुवैको सहमतिमा फि तिर्ने गरेको पाइन्छ । जसको विवरण निम्नानुसार रहेको छ ।

**तालिका नं. ६.१ : बालबच्चाको शिक्षामा उत्तरदाताको सम्पत्ति परिचालन**

| क्र.सं. | शिक्षामा खर्च वार्षिक | उत्तरदाताको सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १. | १०-५० हजारसम्म | १६ | महिलाले आफै |
| २. | ५० हजार-१ लाखसम्म | २३ | २३ जनाले श्रीमान् श्रीमती मिलेर |
| ३. | १-२ लाखसम्म | २१ | श्रीमान् श्रीमती दुवै जना मिलेर |
| ४. | २ लाखदेखि माथि | २ | श्रीमान् श्रीमती दुवै मिलेर खर्च गरेका |
| | जम्मा | ६२ | |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिका नं. ६.१ मा बालबच्चाको शिक्षामा सम्पत्ति परिचालनमा महिलाको भूमिका कस्तो छ भनी गरिएको अन्तर्वार्ता सूचीमा रु १० हजारदेखि ५० हजारसम्म वार्षिक खर्च गर्ने १६ जना महिलाले गरेको पाइन्छ । ५० हजार -१ लाखसम्म खर्च गर्ने२३ जना श्रीमान् श्रीमती मिलेर गरेको पाइन्छ ।१ लाखदेखि २ लाखसम्म २१ जना उत्तरदाताले बालबच्चाको पढाइमा खर्च गरेको पाइयो खर्च गर्दा श्रीमान् श्रीमती मिलेर गरेको पाइयो । २ लाखदेखि माथि २ जना उत्तरदाताले बालबच्चाको पढाइमा खर्च गरेको पाइयो । यसमा पनि श्रीमान् श्रीमती मिलेर खर्च गरेको पाइयो । १३ जना उत्तरदातामध्ये १ जना उत्तरदाताको बच्चा नभएको २ बाँकी १२ जना महिलाको बच्चाहरू स्कुल जाने नभएकोले बालबच्चाको पढाइमा अहिले खर्च नभएको पाइयो । धेरै परिवारमा श्रीमान् श्रीमती मिलेर खर्च गरेको पाइयो ।

### ६.१.२ सामाजिक संघसंस्था

आजभोलि गाउँ होस् वा शहर जहाँतहीँ महिलाहरूलाई संगठित गराउने साथै उनीहरूको आर्थिक स्थितिमा सुधार ल्याउने र महिला सशक्तिकरण गर्ने उद्देश्यले विभिन्न सामाजिक संघसंस्था, बचत समूह, आमा समूह र सहकारी खुलेको पाइन्छ। जहाँ

महिलालाई घरबाट बाहिर निस्की बचत गर्ने बानीको विकास हुन्छ। अध्ययन क्षेत्रभित्र पनि विभिन्न सहकारी बचत समूह, महिला विकास समूहहरू छन्। जसमा धेरै महिलाहरू आबद्ध रहेका छन्। यहाँ महिलाले आर्जन गरेका केही रकम जम्मा गर्ने गरेका छन्। केहीले यस संस्थाबाट ऋण लिएर व्यापार व्यवसाय गरेका छन्। यस्ता समूहहरूले महिलाहरूलाई व्यावसायिक तालिम तथा जनचेतनामूलक कार्यक्रम उपलब्ध गराउँछन्।

यस अध्ययन क्षेत्रमा महिलाहरूले शेरा जागृति टोल सुधार समितिमा संलग्न भई मासिक बचत रु १,०००।- गर्ने गरेको पाइन्छ। यस शेरा जागृति टोलमा ७५ घर परिवार सबैले मासिक बचत गर्ने गर्दछन् र त्यही समूहबाट आफूलाई आवश्यक पर्दा ऋण लिने गरेको पनि पाइन्छ। यस अध्ययन क्षेत्रका विवाहित महिलाहरू शेराजागृति आमा समूहमा आबद्ध रहेका छन्। शेराजागृति आमा समूहले समाजमा मर्दापर्दाको काममा सहयोग पुऱ्याउने गर्दछन् र शेराजागृति आमा समूहको अध्यक्ष गंगा पराजुली रहेकी छिन्। समाजमा विवाह पर्दा सहयोग गर्ने त्यसैगरी विवाहको दिन रत्यौली खेल्ने, व्रतबन्धको दिन भजन गाउने, विदेशबाट लाउरे आउँदा गीत गाउने कार्यक्रमहरू गरी आमा समूहले पैसा उठाउने गर्दछन् र त्यस्तो पैसा समाजसुधार वा सामाजिक सुधारका लागि खर्च गर्ने गर्दछन्। आमा समूहको काम समाजमा विकृति नियन्त्रण गर्नु, लाहुरे भाग, कसेको प्रगतिमा खुसीयाली साटी उनीहरूबाट सहयोग रकम संकलन गर्ने गर्दछन्। अध्ययन क्षेत्रमा निजि कार्यालयमा काम गर्ने उत्तरदाता नजिकैको विरौटा बचत तथा ऋण सहकारी संस्थामा आबद्ध रहेकी छिन्। शेरा जागृति टोलका विवाहित महिलाहरूले पनि विरौटा सहकारीका संस्थामा बचत गरेको पाइन्छ। केही उत्पादनमूलक कार्य वा पेशा व्यवसाय गर्नका लागि ऋण लिएको पाइन्छ। महिलासँग सम्बन्धित संघसंस्थामा आबद्ध हुन महिलाकै निर्णायक भूमिका रहेको पाइन्छ। अन्य विभिन्न संघ संस्था क्लबहरू जस्तै रोट्र्याक्ट क्लब, लायन्स क्लब, जे.सी.इ. जस्ता विभिन्न क्लब संस्थाहरूमा महिलाहरू आबद्ध भएको पाइन्छ। यस्तो सहभागिता अन्य संघसंस्थामा पनि अनिवार्य रहेकाले महिलाको सहभागिता विस्तारै बढ्न गएको पाइन्छ। यसरी समूहमा पैसा बचत गर्दा विवाहित महिलाहरूले पैसा बचत गर्ने गरेको पाइन्छ।

### ६.१.३ खाना र भान्छा

महिलाहरूले धेरै समय भान्छामा खर्चिने गर्दछ। भान्छामा के पकाउने कि खान यी विषयको निर्णय महिलाहरूकै हुने गर्दछन्। अध्ययन क्षेत्रका विवाहित महिलाहरूको घरभित्र सबै कार्य महिलाहरूले नै गर्ने गरेको पाइयो।

घरभित्रको कार्य भन्नाले खाना पकाउने, सरसफाई बच्चाबच्चीको स्याहार जस्ता कामहरू घरधन्दामा पर्दछन् । यस्ता कार्यहरूमा खाना के पकाउने, पाहुना आउँदा के खुवाउने, चाडपर्व पूजाआजामा के-के परिकार बनाउने, कति खर्च केमा गर्ने ? जस्ता कार्यमा प्रायः महिलाहरूले नै निर्णय गरेको पाइन्छ । अध्ययन क्षेत्रमा ६० जना महिलाहरूले भान्सामा चाहिने सबै सामान आफैँ खरिद गर्न सक्ने जसमा श्रीमान् विदेश गएका घरमा विवाहित महिलाहरू पर्दछन् भने केही परिवारमा श्रीमान् घरमा नै भएता पनि महिलाले नै सामान खरिद गर्ने गरेको व्यवस्थापन गरेको पाइन्छ । बाँकी परिवारमा घरको मुली ससुरा र श्रीमान्ले नै खाना तथा भान्साका लागि सामान खरिद गर्ने गरेको पाइयो । यसरी अध्ययन क्षेत्रमा खाना र भान्साका लागि विवाहित महिलाले नै सम्पत्ति परिचालन गर्ने गरेको पाइयो ।

### ६.१.४ सम्पत्ति किनबेच

यस उपशीर्षक अन्तर्गत महिलाहरूको सम्पत्ति किनबेच सम्बन्धी भूमिकाको बारेमा अध्ययन गरिएको छ ।बाहिर जिल्ला बाट बसाई सरी आएको भएर होला पैतृक सम्पत्ति हस्तान्तरण गरेको देखिँदैन महिलाको नाममा जग्गा किनेको ६२ जना, घरमुलीको नाममा ९ जना,श्रीमान्को नाममा ४ जनाको रहेको पाइन्छ । अध्ययन क्षेत्रका विवाहित महिलाको परिवारमा परिवारको सम्पत्तिमाथि स्वामित्व महिलाको रहेता पनि आर्थिक कारोबारमा निर्णय लिदा श्रीमान श्रीमती दुबै मिलेर गरेको पाइन्छ । घरजग्गा जस्ता अचल सम्पत्तिको किनबेचमा पुरुष र महिला दुबै मिलेर निर्णय गर्दछन् । सरकारले नै महिलाको नाममा जग्गा दर्ता गर्दा छुट दिएपछि धेरै महिलाको नाममा जग्गा भएको पाइन्छ त्यसको बेचबिखनमा श्रीमान् विदेशमा रहेता पनि बेचबिखनमा श्रीमानकै स्वीकृति चाहिने अध्ययन क्षेत्रका उत्तरदाताहरूको उत्तर र छलफलबाट पाइयो । व्यवसाय गरेर बसेका महिला नोकरी गरेको महिलाको पनि सामान्य किनमेलमा आफ्नो निर्णय रहेता पनि आर्थिक हिसाबले ठुला लाग्ने विषयमा श्रमान श्रीमती दुबैको निर्णय चाहिने देखियो । उत्तरदातामध्ये ४ जना महिलाले आफ्नै निर्णयले जग्गा किनेको पाइन्छ । बाँकी ५७ जना महिलाको आफ्नो नाममा जग्गा रहेता पनि जग्गा किन्दा वा बेच्दा श्रीमान् र घरपरिवारका सल्लाह चाहिने पाइयो । अन्य श्रीमान संयुक्त र घरमुलीको नाममा रहेका जग्गा किनबेच गर्दा पनि आपसी सल्लाहबाट मात्र किनबेच भएको पाइयो ।

### ६.१.५ सामान खरिद

किनबेचमा ठुला सम्पत्ति खरिद बिक्री हुने भएकाले महिलाहरू संलग्नता रहेता पनि भूमिका नरहेको पाइन्छ तर सामान खरिदमा भने अध्ययन क्षेत्रका महिलाहरूका विभिन्न सेवा वैदेशिक रोजगारी, नोकरी, व्यवसाय र अन्य पेशामा रहेपनि घर खर्चको लागि श्रीमतीलाई पैसा दिने गरेको पाइयो। महिलाहरूले आफ्नो कमाइबाट सामान खरिद गर्दा वा श्रीमान्को कमाइले सामान खरिद गर्दा कतिले सल्लाह गर्ने, कतिले स्वयम् आफ्नै इच्छाले गर्ने र कतिले स्वीकृतिमा गर्नुपर्ने अवस्था देखियो। यस अध्ययन क्षेत्रका विवाहित महिलाहरूको पेशा, शिक्षामै विविधीकरण रहेकाले सामान खरिदमा पनि त्यही अनुसारको विविधीकरण रहेको पाइयो। सामान्यतया घरखर्चको सामान खरिदमा महिलाकै हात हुने भएता पनि अन्य बढी मूल्य पर्ने सामानमा श्रीमानको स्वीकृति पनि देखियो। वैदेशिक रोजगारीमा हुने श्रीमानले टि.भी., मोबाइल उतैबाट पठाउने र घरको फर्निचर यतैबाट किन्ने गरेको पाइयो।श्रीमान विदेशमा रहेका महिलाले सामान खरिदमा निर्णायक भूमिका खेल्ने गरेको पाइयो। पेशा र व्यवसाय गर्ने गरेका महिलाले सानातिना सामान खरिदमा भान्छाका सामान खरिदमा उनीहरूकै भूमिका रहेको पाइयो।

**तालिका नं. ६.२ : सामान खरिदमा उत्तरदाताको विवरण**

| क्र.सं. | सामान खरिदमा वार्षिक खर्च | उत्तरदाताका सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | १० हजारदेखि ५० हजारसम्म | ६ | ८ |
| २. | ५० हजारदेखि १ लाखसम्म | ४० | ५३ |
| ३. | १-२ लाखसम्म | २४ | ३२ |
| ४. | २ लाखदेखि माथि | ५ | ६.७ |
| | जम्मा | ७५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

सामान खरिदमा विवाहित महिलाले सम्पत्ति परिचालनमा कति पैसा आफैँले खर्च गर्न सक्छन् भनी गरिएको सर्वेक्षणमा १० हजारदेखि ५० हजारसम्म ६ जना अर्थात् ८ प्रतिशतले खर्च गर्न सक्दछन्। ५० हजार देखि १ लाखसम्म ४० जनाले अर्थात् ५३ प्रतिशतले खर्च गर्न सक्दछन्। १-२ लाखसम्म २४ जना अर्थात् ३२ प्रतिशत भने २ लाखभन्दा माथि ५ जना अर्थात् ६.७ प्रतिशत महिलाहरूले खर्च गर्ने गर्दछन्। विवाहित महिलाको सामान खरिदमा महिलाले आफैं खर्च गर्न सक्ने महिलाको श्रीमान् वैदेशिक

रोजगारीमा भएकाले, केही महिलाले श्रीमान र श्रीमतीको आपसी सहमतिमा सामान खरिदमा खर्च गर्ने गरेको पाइयो । समान खरिद गर्दा विभिन्न सामान जस्तै लत्ताकपडा, श्रीङ्गारका सामान, खाना भान्छामा लाग्ने सामान, छोराछोरीलाई लाग्ने किताब कापि जस्ता कार्यमा खर्च गर्ने गरेको उत्तरदाताले बताएका छन् ।

### ६.१.६ सामाजिक कार्य

मानिस चेतनशील प्राणी भएको नाताले ऊ सधैं समाजमा बस्छ । त्यसैले मानवलाई सामाजिक प्राणी पनि भनिन्छ । समाजमा बसेको नाताले व्यक्तिगत कामका अलावा व्यक्तिले सामाजिक कार्य पनि गरेको हुन्छ । सामाजिक कार्य नगर्ने हो भने समाजमा विकासतिर लम्कन सक्दैन । समाजमा रहेको बाटाघाटा निर्माण गर्नुका साथै मर्मत गर्नु, धारा, पानी, पधैंरो, पाटीपौवा बनाउनु साथै संरक्षण गर्नु, बिग्रेमा मर्मत गर्नु, विद्यालय, वनजंगलका हेरचाह गर्नु, विभिन्न दुःखकष्टमा परेकालाई सहयोग गर्नु, समाजमा समस्या परेकालाई सहयोग गर्नु, उद्धार गर्नु आदि सबै सामाजिक कामअन्तर्गत पर्दछन् । यस्ता कार्यमा पनि शेराजागृति टोलका विवाहित महिलाहरूको पनि संलग्नता भएका पाइन्छ । टोलमा केही सामाजिक कार्य गर्दा विवाहित महिलाहरूले आवश्यक सम्पत्ति आफैं परिचालन गर्न सक्ने पाइयो । रु १०,०००।- सम्म ४६ महिलाले आफैं सम्पत्ति खर्च गर्न सक्ने पाइयो भने रु १०,०००।- माथि १५ जना विवाहित महिलाले खर्च गर्न सक्ने पाइयो र त्यसै गरी १४ जना विवाहित महिलाले श्रीमानको स्वीकृति विना खर्च गर्न नसक्ने पाइयो ।

**वैयक्तिक अध्ययन १**

*मेरो नाम संगिता ढकाल श्रेष्ठ हो । (परिवर्तित नाम) म पोखरा महानगरपालिका वडा नं. १७ शेराजागृति मार्ग टोलमा बस्दछु । म ३८ वर्षकी भएँ । मैले कक्षा १२ सम्म पढेकी छु । हाम्रो परिवार एकल छ । हाम्रो प्रेम विवाह भएको हो । मेरो श्रीमान अवकाश प्राप्त नेपाल आर्मी हुनुहुन्छ । घरमा बुढाबुढी मात्र बस्छौँ । मेरो घर दुईतले पक्की छ । यो घर म १० वर्ष वैदेशिक रोजगारी (कोरिया) गएर कमाएको पैसाले बनाएको हो यो घर मेरो नाममा छ । मैले १० वर्षसम्म बस्दा मेरो कमाइ राम्रो थियो त्यसैले यो घर बाहेक मेरो बैंक ब्यालेन्स पनि छ रु.२० लाख । हाम्रो घरको आम्दानीको स्रोत घरभाडा आउँछ अनि श्रीमानको पेन्सन पनि छ । यसैले हो मैले घर व्यवहार चलाउँछु । शेराजागृति आमा समूहमा पनि आबद्ध छु । मासिक रु.१००० बचत गर्दछु । त्यो बचत यही घरभाडाबाट गर्दछु । मेरो आफ्नो छोराछोरी छैनन् ।श्रीमानको जेठी बुढीतिरको छोरा आफैँ जागिर गर्दछन् । त्यसैले खर्च गर्नुपर्दैन । मेरो श्रीमानको घर धादिङ भएकाले पैतृक सम्पत्ति हाम्रो नाममा नभई ससुरा बुबाले छोराको नाममा गर्दिनु भएको छ ।श्रीमानको पहिलो श्रीमती बितेर छोराले दुःख पाउँछ भनेर होला । हामी बुढाबुढीले कमाएको सम्पत्ति जग्गा किनबेच गर्दा आपसी सल्लाहबाट किनबेच हुन्छ । चलअचल सम्पत्ति बाहेक अन्य वस्तुको खरिद बिक्री गर्दा म आफैँ निर्णय गर्दछु ।*

**वैयक्तिक अध्ययन २**

*मेरो नाम सीता पौडेल हो (परिवर्तित नाम) । म २८ वर्षकी भएँ । मेरो परिवारमा सासु, ससुरा, देवर, देवरानी भए पनि यो हाम्रो आफ्नो घर भएकाले हामी श्रीमान श्रीमती २ छोरा (१ वर्षको) बस्दै आएका छौँ । म सरकारी हस्पिटलमा कार्यरत छु । मेरो श्रीमान् १० वर्ष विदेशमा बसेर आउनुभएको हो । यो घर पनि उहाँको कमाइले बनाएको हो । राजस्व छुट हुन्छ भनेर मेरो नाममा घरजग्गा पास गर्दिनु भएको छ ।श्रीमानले अहिलेको समयमा घरमै बसेर विभिन्न काम गर्नुहुन्छ । हामीले घर खर्च चलाउँदा दुवैले सल्लाह गरेर चलाउँछौँ । मेरो आफ्नो कमाइ भएकाले मैले आफ्नो लागि सामान खरिद गर्दा आफ्नै निर्णयले गर्दछु । अलि महङ्गो सामान खरिद गर्दा श्रीमान श्रीमती मिलेर गर्दछौँ । मेरो बैंक ब्यालेन्स पनि छ । यो सबै मेरो कमाइ हो । घरमा हुने सबै घरायसी निर्णयमा श्रीमान श्रीमती मिलेर नै निर्णय गर्दछौँ ।*

**वैयक्तिक अध्ययन ३**

*मेरो नाम रामकुमारी गुरुङ (परिवर्तित नाम) हो । म पोखरा महानगरपालिका वडा नं १७ शेरा जागृति टोलमा बस्दछु । मेरो घरमा श्रीमान, दुई छोरी बस्दछौँ । मैले SLC सम्मको अध्ययन गरेकी छु । मलाई लेखपढ गर्न आउँछ । मेरो २० वर्षको उमेरमा विवाह भएको थियो । मेरो विवाह हुँदा मेरो श्रीमान् विदेश हुनुहुन्थ्यो । विदेशमा कमाएको पैसा मेरो नाममा पठाइदिनु हुन्थ्यो त्यसपछि मैले घडेरी किनेर २०७२ को भूकम्पपछि घर बनाउन सुरु गरे । यो घर मेरो नाममा गरिदिनु भएको छ । अहिले श्रीमान् यही बस्नुहुन्छ । हामीले हार्डवयर व्यवसाय सञ्चालन गरेका छौँ । जग्गा अलि फराकिलो भएकाले कुखुरा नि पालेका छौँ अलिअलि, छोरीहरूको पढाइ खर्चमा दुवै मिलेर खर्च गर्छौं । घरायसी सामान किन्दा मैले नै खर्च गर्छु निर्णय लिन्छु । मेरो निर्णयमा श्रीमानले सहमति जनाउनुहुन्छ । मैले हाम्रो शेरा जागृति टोलमा मासिक १,०००।-, विरौटा बचत सहकारीमा मासिक १०,०००।- बचत गर्ने गरेकी छु । व्यवसाय भएकाले अन्य सहकारीमा पनि बचत गर्ने गर्दछु । हामीले घरायसीदेखि बाहिरको कामको निर्णय दुवैजना मिलेर गर्दछौँ । हाम्रा व्यवसाय भएकाले घर खर्च, बचत, छोरीहरूको पढाइ खर्च सबै हामीले व्यापारबाट गरेका छौँ । अहिलेको मेरो आम्दानीको मुख्य स्रोत भनेको व्यवसाय नै हो । चल अचल सम्पत्तिको किनबेच गर्दा श्रीमान् श्रीमती दुवै मिलेर निर्णय गर्दछौ ।*

**वैयक्तिक अध्ययन ४**

*पोखरा महानगरपालिका वडा नं. १७ शेराजागृति टोलमा बस्ने म मनु महत (परिवर्तित नाम) म ३३ वर्षकी भएँ । मेरो दुई छोराहरू छन् । मेरो श्रीमान ८ वर्ष विदेश बसेर आउनुभएको हो । अहिले ट्याक्सी चलाउनुहुन्छ । उहाँ आएपछि हामीले २ तले पक्की घर बनायौ, त्यो घर राजस्व छुट हुने भएकाले मेरो नाममा दर्ता गरिएको छ । छोराछोरी नजिकैको बोर्डिङ स्कुलमा पढाएका छौँ । मेरो आम्दानीका मुख्य स्रोत घर भाडा र ट्याक्सीबाट आएको पैसा हो । हाम्रो दुई तले घर छ । पेसा जति भए पनि चल्न गाह्रो हुने रहेछ । घरमा पुग्ने तरकारी छिमेकीको जग्गा मागेर लगाएकी छु । शेरा जागृति आमा समूहमा पनि मासिक १,०००।- बचत गर्दै आएकी छु । घरायसी निर्णय तथा सानोतिनो काम कार्यमा आफैले निर्णय लिने र सम्पत्ति परिचालन गर्ने गर्दछु । ठूलो काममा श्रीमान श्रीमती मिलेर निर्णय गर्छौं । छोराहरूलाई स्कुल पठाएपछि सेयर कारोबारको अवस्था हेर्छु र लगानी गर्छु । कोरोनाले गर्दा बाहिर केही व्यापार गरे डुब्छ कि भन्ने डरले गरेको छैन ।श्रीमान श्रीमती सँगै हुँदा साना ठुला काम गर्न निर्णय गर्न सजिलो हुने रहेछ ।*

# अध्याय : सात

# सारांश, मुख्य प्राप्ती र निष्कर्ष

## ७.१ सारांश

प्रस्तुत शोधपत्र विवाहित महिलाको घरपरिविारमा सम्पतिमाथिको पहुँच सम्बन्धी कास्की जिल्ला पोखरा महानगरपालिका वडा नः१७ स्थित शेराजागृति टोलमा गरिएको एक समाज शास्त्रीय अध्ययन हो । परम्परागत देखिनै महिलाको नाममा पारिवरिक सम्पत्ति न्युन थियो तर वर्तमान समयमा महिलाहरूको शिक्षा तथा चेतनाको स्तर बढ्दै गएको छ। महिला माथिको पहुँच कस्तो छ र सम्पत्ति परिचालनमा उनीहरूको भुमिका प्रकाश पार्नु नै यस अध्ययनको उद्देश्य रहेको छन्। पोखरा महानगरपालिका वडा न. १७ शेरा जागृति टोलमा अध्ययनको लागि जम्मा १०२ घरधुरी मध्ये सामान्य दैविक नमुना छनौट विधीद्धारा ७५ वटा घरधुरीलाई अध्ययनको नमुनाको रूपमा लिइएको छ। अन्तरवार्ता अनुसूची वैयक्तिक अध्ययनको प्रयोग गरी सुचना संकलन गरिएको छ। अध्ययन क्षेत्रका विवाहित महिलाहरू मध्ये लगभग आधा भन्दा धैरै (६२ जना) महिलाहरूको नाममा अचल सम्पत्ति माथिको स्वामित्व रहेको छ। बाँकी स्वामित्व घरको अन्य सदस्यको नाममा रहेको छ। प्रस्तुत विषयलाई तालिका नः ५.१ ले स्पष्ट पारेको छ। धैरै अचल सम्पत्ति महिलाको स्वामित्वमा रहनुको कारण राजस्व छुट भएकाले, श्रीमान बाहिर भएको कारण, आफ्नै कमाइ भएको कारण रहेको छ। जसलाई तालिका नः ५.२ ले प्रष्ट पारेको छ। सम्पत्ति परिचालनमा विवाहित महिलाको श्रीमान वैदेशिक रोजगारीमा भएको परिवारमा आफैले सम्पत्ति परिचालन गरेको पाइयो । परिवारका सबै सदस्य सँगै रहेको परिवारमा आवश्यक सहमतिमा सम्पत्ति परिचालन गरेको पाइयो । जसलाई तालिका नः ६.१ प्रष्ट पारेको छ ।

## ७.२ मुख्य प्राप्ती

- उक्त क्षेत्रमा ६ जना व्यापार व्यवसायमा, १० जना नोकरीमा, आबद्ध र १९ जना गृहणी रहेका छन् । १९ जना गृहिणीहरु विशेष गरी केटाकेटीको स्याहारमा संलग्न रहेको पाइयो ।
- अधिकांश महिलाहरु नोकरी तथा पेशा व्यवसायमा रहेको पाइयो । १९ जना महिलाको परिवारमा मात्र घर खर्च श्रीमान्कै कमाइबाट चल्ने गरेको पाइन्छ ।

- पुरुष वैदेशिक रोजगारीमा गएका परिवारमा परिवारको चल अचल सम्पत्तिको चलखेल आपसी सल्लाहमा गरेको पाइन्छ ।
- ६२ जना महिलाको नाममा जग्गा रहेको पाइयो । यसरी महिलाको नाममा जग्गा रहनुमा श्रीमान् वा ससुराले राजस्व छुट पाउने आशामा महिलाको नाममा जग्गा पास गरिदिएको र श्रीमान् वैदेशकि रोजगारीमा भएकाले पनि महिलाको नाममा घर तथा जग्गा पास भएको पाइयो । केही महिला आफै रोजगारको लागि विदेश गएर कमाएकोले आफ्नै नाममा सम्पत्ति गरेको पाइयो । यसरी महिलाको नाममा जग्गा जमिन भए तापनि उक्त सम्पत्तिको बेचबिखन गर्दा श्रीमान् श्रीमतीको आपसी सहमतिमा गर्ने गरेको पाइयो ।
- धेरै जसो परिवारमा महिलाहरुले आफै नोकरी, व्यापार व्यवसाय गरेकाले घरायसी खर्च महिला आफैले चलाउने गरेको पाइयो । श्रीमान् विदेश हुने श्रीमतीले घर खर्च चलाउँदा श्रीमान् सँग सोधेर गरेको पाइन्छ ।
- यहाँका महिलाहरुले माइतीबाट दाइजोका रूपमा गरगहना, नगद प्राप्त गरेको पाइयो । यसरी प्राप्त भएको सम्पत्तिमा महिला आफैको नै स्वामित्व रहेको पाइयो ।
- पछिल्लो समयमा युवा महिलाहरु शिक्षित साथै रोजगार अनलाइन व्यापार, सेयर कारोबार जस्ता कार्यमा सरिक रहेको पाइयो । ६ जना महिलाहरुले स्नातकोत्तर १६ जना महिलाहरुले स्नातक र उच्च मा.वि. २० जना एसएलसी १९ जना महिला ९ जना महिलाहरुको शैक्षिक स्थिति साक्षर पाइयो । यसरी शैक्षिक अवस्था राम्रो भएको महिलाहरु आय आर्जनमा सरिक तथा घरायसी निर्णय प्रक्रियामा भूमिका रहेको देखिन्छ ।
- आर्थिक स्थिति राम्रो भएको हुँदा यस शेरा जागृति टोलका महिलाहरुले आफ्ना निजी सम्पत्तिहरु आफूले नै राख्न सकेको पाइन्छ ।
- परिवारका सबै खाले कारोबारमा महिला पुरुष दुबैको भूमिका महत्वपूर्ण रहेको भए तापनि यस्ता घरायसी कारोबारमा धेरै जसो परिवारमा महिलालाई सरिक गराएको पाइयो । घरायसी निर्णायक भूमिका रहेको पाइयो ।
- सम्पत्ति परिचालन गर्दा छोरा छोरीको शिक्षाको लागि खर्च गर्नेमा ६२ जना महिला मध्ये १६ जना महिलाले आफै एक्लैले खर्च गर्ने गरेको पाइयो । ४६ जनाको परिवारमा श्रीमान् श्रीमती दुवै मिलेर खर्च गरेको पाइयो ।

- शिक्षित र आय आर्जन गर्न सफल महिलाहरु निर्णय प्रक्रियामा पनि अन्य महिलाको तुलनामा अगाडि रहेको पाइन्छ ।
- यहाँका अधिकांश महिलाहरु बचत तथा सहकारी संस्थामा पनि सक्रिय रूपमा लागेको पाइयो । त्यस्तै सामाजिक संस्थामा पैसा बचत गर्दा वा ऋण लिँदा आफै निर्णले लिएको पाइयो ।

## ७.३ निष्कर्ष

अध्ययन क्षेत्रका विवाहित महिलाहरू धेरै जस्तो व्यापार व्यवसाय र नोकरीमा लागेको छन् । केही महिलाहरू छोरा छोरीको स्याहार सुसारको लागि गृहिणीको रूपमा घरमै बसेका छन् । केहि महिलाले घरको सटरमा व्यापार व्यवसाय, नोकरीमा संलग्न भएको पाइन्छ ।

विवाहित महिलाहरू जसमा सासु र बुहारी दुबै उमेर समुहका महिलाहरू उत्तरदाता भएकोले सासुहरूले शैक्षिक अवस्था निरक्षर र साक्षर अवस्था सम्मको पाइयो । अहिले वर्तमान अवस्थामा आर्थिक अवस्था सक्षम भएकोले परिवारले आफ्नो सन्तानलाई निजी विद्यालय पठाएको पाइन्छ । आफुले जति दु:ख गरेर भएपनि बच्चालाई निजी विद्यालय र उनीहरूको इच्छाअनुसार पढाएको पाइयो ।

अध्ययन क्षेत्रको परिवारमा चल अचल सम्पत्ती माथिको स्वामित्व महिलाहरूनै रहेका छन् । महिलाको स्वामित्व हुनुको कारण नेपाल सरकारले महिलाको नाममा जग्गा जमिन पास गर्दा राजस्व छुट हुने भएकोले पछिल्लो समयमा श्रीमतीको नाममा घर जग्गा भएको पाइन्छ । केही महिलाले आफै वैदेशिक रोजगारिमा गएर कमाएको हुनाले आफ्नो नाममा घर जग्गा भएको पाइन्छ । यस्तो चल अचल सम्पत्तीको बिक्री वितरण गर्दा श्रीमान श्रीमती घरका अन्य सदस्यको आपसी सहमतिमा भएको पाइन्छ । पेशा व्यवसायमा लाग्ने र नोकरी गर्ने महिलाहरूले आफ्नो बैङ्क ब्यालेन्स रहेको र त्यस्तो पैसा आफ्नो निर्णयले खर्च गर्ने पाइन्छ ।शिक्षित महिलाहरू घरायसी निर्णयमा उच्च भुमिका रहेको पाइन्छ ।

समग्रमा अन्तरवार्ता अनुसूचीको माध्यमबाट के देखिन्छ भने विवाहित महिलाहरूको नाममा रहेको अचल सम्पत्तिको बेचबिखन गर्दा आफैको एकल निर्णयबाट नहुने र पुरुषसँगको आपसी सहमतिबाट मात्रै गर्ने गरेको पाइयो । श्रिमान् वैदेशिक रोजगारिमा भएका विवाहित महिलाहरूको परिवारमा सम्पत्ती माथिको स्वामित्व विवाहित महिलामा रहेको पाइन्छ । सम्पत्ति परिचालन पनि विवाहित महिलाले नै गरेको पाइन्छ । यसरी

सम्पत्ति माथि महिलाको स्वामित्व रहेता सम्पत्ती किनबेच गर्दा बिदेशमा रहेका श्रीमानसँग आपसी सल्लाहरूमा मात्र हुने गर्दछ। सम्पत्ति परिचालन गर्दा ३४ परिवारमा विवाहित महिला आफैले ४१ परिवारमा महिला पुरुष दुवैजना मिलेर २ बालबालिकाको शिक्षा र सम्पत्ति परिचालनमा गरेको पाइन्छ। सामान खरिदमा ३ लाख देखि ४ लाखसम्म खरिद गर्न सक्ने विवाहित महिलाहरू २४ जना पर्दछन् (तालिका न : ६.२ ) प्रष्ट  पार्दछ। घरायसी खर्च खाना भान्सा संघसंस्थाका श्रृङ्गारका सामानका लागि विवाहित महिला आफैले खर्च गरेको पाइयो।

# सन्दर्भ सामाग्री

आचार्य, बलराम (२०६०), *लैङ्गिक अध्ययन,* काठमाडौं : नेशनल बुक सेन्टर ।

कानुन किताब व्यवस्था समिति (२०२०), *मुलुकी ऐन,* काठमाडौं ।

कानुन किताब व्यवस्था समिति (२०७४),*मुलुकी देवानी कार्यविधी संहिता ऐन,* काठमाडौं ।

केन्दिय तथ्याङ्क विभाग (२०६८),*राष्ट्रिय जनगणना,*काठमाण्डौं,केन्द्रिय तथ्याङ्क विभाग ।

काफ्ले, प्रतिक्षा (२०७६),*नेपालको संविधानपछि बनेका महिलाको हक,* काठमाण्डौं गोरखापत्र,२०७६ कार्तिक ५ ।

घिमिरे, विष्णुप्रसाद (२०६४), *चितवनका आदिवासी जनजातिको सामाजिक जीवन र साँस्कृतिक अध्ययन,* जि.वि.स. को कार्यालय सुचना तथा अभिलेख केन्द्र, भरतपुर, चितवन ।

चौलागाई, तिलकप्रसाद, पोखरेल, नानीराज र सापकोटा, केशवराज (२०६०), *लैङ्किक अध्ययन,* काठमाण्डौ : न्यू हिरा बक्स इन्टरपाइजेज ।

प्रधान, सपना (२०४७), *नेपालको महिला आन्दोलन,*काठमाण्डौं, नेपाल महिला संघ ।

पौडेल, शान्ति (२०७०), *दराई परिवारमा सम्पत्ति माथी महिलाहरुको स्वामित्व एवम् निर्णय भूमिका सम्वन्धी एक समाजशास्त्रीय अध्ययन,*अप्रकाशित शोधपत्र, समाजशास्त्र विभाग, पृथ्वीनारायण क्यामपस पोखरा ।

भण्डारी, के.पी. र भट्ट, राजेन्द्र (२०७०), *मुलुकी ऐन,* काठमाडौं : वौद्धिक दर्पण प्रकाशन ।

भासिन, कमला (२००३), *आखिर जेण्डर के हो त ?स्त्री शक्ति,* काठमाण्डौं ।

भासिन, कमला (२००३), *पितृसत्ता के हो? स्त्री शक्ति,* काठमाण्डौं ।

शर्मा, विनोदप्रसाद (२०६९), *पारिवारिक कानुन,*काठमाणडौं: एपोलो अफसेट प्रेस. प्रा.लि.।

सिहं, टोप बहादुर (२०५७), *नेपाल संविधान संवैधानिक कानुन,* कानुनी पाठ्यपुस्तक प्रकाशन समिति, काठमाण्डौं ।

शर्मा, गणेश राज (२०५५), *पारिवारिक संरचना ध्वस्त हुन्छ,* काठमाण्डौं : न्यू हिरा बुक्स इन्टरपाइजेज ।

## ENGLISH REFERENCE

Abbott, P.& Claire, W. (1997). *An introduction to sociology feminist perspective*, (2nd ed.), New York : Palgrave Publishar Ltd.

Acharaya, M. (1997). *Gender equality and employment of women,(*CEDA)

Bennet, L. (1983). *Dangerous wives and sacred sister*. New York: Columbia University Press.

Bilton, T. (2005). *Introductory sociology*, (3rd ed.).UK: MacMillan Press Limited.

Paudel, K. (2001). *Women right; property versus stability spotlight,*Kathmandu : Pragati Prakashan.

Wallby, S. (1990). *Theorizing patriach*y, Basil Blackwell Inc, USA : Cambridge University Press.

# अनुसूची १

## अन्तर्वार्ता अनुसूची

उत्तरदाताको नाम : ...................................................................

जन्म स्थान : .................................

जन्म मिति : .................................

हालको स्थान : .........................

हालको उमेर : .........................

विवाह गर्दाको उमेर : ................

शैक्षिक योग्यता : .........................

पतिको नाम : .................................

पतिको पेशा व्यवसाय : ..................................................

धर्म : .................................................. लिङ्ग : .........................

पेशा/व्यवसाय : ................................. जात जाति : .........................

बुबाको नाम : ........................................ आमाको नाम : .........................

१. तपाईंको परिवारमा कति जना सदस्य हुनुहुन्छ ?

..................................................

२. तपाईंको उमेर कति भयो ?

क) २०-३० वर्ष      ख) ३०-४० वर्ष

ग) ४०-५० वर्ष      घ) ५० वर्षभन्दा माथि

३. तपाईंको विवाह भएको कति भयो ?

...................................................................

४. तपाईंको विवाह कसरी भयो ?

क) मागी विवाह      ख) प्रेम विवाह

ग) अन्तरजातीय विवाह      घ) अन्य

५. दाइजो ल्याउनु भएको थियो ?

क) ल्याए      ख) ल्याइन

६. ल्याउनु भएको भए के ल्याउनु भएको थियो नि ?

क) नगद      ख) घडेरी      ग) गरगहना      घ) अन्य

७. तपाईंको स्त्री धन वा पेवा केही छ ?

क) नगद ख) गहना

ग) घर जग्गा जमिन घ) पशुधन

८. छ भने यो सम्पत्तिमा तपाईं आफैले उपभोग गर्नुहुन्छ कि हुँदैन ?

क) गर्छु ख) सोधेर गर्नुपर्छ

९. तपाईंको परिवारको आम्दानीको मुख्य स्रोत के के हुन् ?

क) कृषि ख) वैदेशिक रोजगार

ग) नोकरी घ) व्यवसाय

१०. तपाईंको पेशा के हो ?

क) व्यवसाय ख) नोकरी

ग) गृहणी घ) अन्य

११. व्यवसाय भए के गर्नुहुन्छ ?

क) पसल ख) गाइपालन

ग) कृषि घ) होटल

१२. नोकरी भए के गर्नुहुन्छ ?

क) सरकारी पेशा ख) शिक्षक

ग) निजी क्षेत्रमा घ) वैदेशिक रोजगार

१३. अन्य आम्दानी केही छ ?

.......................................................................

१४. तपाईंले गरेको कमाई कसरी प्रयोग गर्नुहुन्छ ?

क) आफूखुसी ख) श्रीमान्सँग सोधेर

ग) सासु/ससुरा घ) अन्य सदस्यसँग

१५. तपाईंको नाममा पारिवारिक सम्पत्ति छ कि छैन ?

क) छ ख) छैन

१६. छ भने के के छ ?

क) घर घडेरी ख) नगद बैंक व्यालेन्स

ग) गहना घ) पशुधन

१७. छैन भने पारिवारिक सम्पत्तिमाथि कस्को स्वामित्व छ ?

क) श्रीमान् ख) सासु/ससुरा

१८. तपाईंको नाममा भएको पारिवारिक सम्पत्ति बेचबिखन गर्ने अधिकार तपाईंलाई छ कि छैन ?

क) छ ख) छैन

१९. छ भने के के बेचबिखन गर्नुभयो ?

क) घर जग्गा ख) गरगहना

ग) पशुधन घ) अन्य

२०. तपाईंको नाममा सो सम्पत्ति कसरी दर्ता भयो ?

क) राजस्व छुट हुने भएकाले ख) श्रीमान् बाहिर भएकाले

ग) आफ्नै कमाइ भएकाले घ) आफ्नो पैतृक सम्पत्ति भएकाले

२१. छैन भने कसको नाममा छ ?

क) श्रमान् ख) सासु/ससुरा

२२. सम्पत्तिको खरिद तथा विक्री गर्दा कसको सहमति लिनुहुन्छ ?

क) श्रीमान् ख) सासु/ससुरा

ग) आफै घ) छोरा/छोरी

२३. के श्रीमान् तथा ससुराले र छोराले पारिवारक सम्पत्तिको बेचबिखन गर्न तपाईंको राय लिनुहुन्छ ?

क) लिनुहुन्छ ख) लिनुहुँदैन

२४. तपाईंको कमाई आफै खर्च गर्न सक्नुहुन्छ ?

क) सक्छु ख) सक्दिन

२५. तपाईंका कति जना छोराछोरी छन् ?

..........................................................................

२६. कति कति पढेका छन् ?

क) साक्षार ख) माध्यमिक तह

ग) स्नातक घ) स्नातकोत्तर

२७. छोराछोरीले रोजार गरेको भए छोरा छोरीको कमाई प्रयोग गर्नुहुन्छ ?

क) गर्छु ख) गर्दिन

२८. सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पती समान हकको कानुनी व्यवस्था गरेको छ ? यसको बारेमा तपाईंलाई केही थाहा छ ?

क) छ ख) छैन

२९. छोरीलाई पैतृक सम्पत्तिमा छोरा सरह अधिकार दिनुपर्दछ ?

ख) पर्छ ख) पर्दैन

३०. पर्छ भने किन पर्दैन भने किन ?

..................................................................................

..................................................................................

३१. तपाईंको श्रीमान् विदेश हुनुहुन्छ ?

क) हुनुहुन्छ ख) हुनुहुँदैन

३२. हुनुहुन्छ भने श्रीमान्ले पैसा पठाउँदा कसको नाममा पठाउनुहुन्छ ?

क) आफैलाई ख) सासु ससुरालाई

३३. तपाईंको नाममा बैंकमा खाता तथा बचत छ ?

क) छ ख) छैन

३४. छ भने कति छ ?

क) १ हजारदेखि ५ लाख ख) ५ लाखदेखि १० लाखसम्म

ग) १० लाभदेखि १५ लाखसम्म घ) १५ लाखदेखि माथि

३५. बैंकमा भएको रकमबाट तपाईंले खर्च गर्दा कसैसँग सोध्नुपर्दछ ?

क) आफै ख) श्रीमान्सँग

ग) सासुससुरासँग घ) छोराछोरीसँग

३६. तपाईं कुनै सामाजिक संघ संस्थामा कार्यरत हुनुहुन्छ ?

..................................................................................

३७. तपाईं आमा समूह तथा टोलविकास संस्थामा सक्रिय हुनुहुन्छ ?

क) छु ख) छैन

३८. हनुहुन्छ भने टोल विकास संस्थामा वचत गर्नुभएको छ नि ?

क) छ ख) छैन

३९. छ भने कति वचत छ ?

क) १ हजारदेखि १० हजासम्म ख) १० हजारदेखि २० हजारसम्म

ग) २० हजारदेखि ३० हजारसम्म घ) ३० हजारदेखि ४० हजारसम्म

४०. पारिवारिक सम्पत्तिमा पुरुष र महिलाको समान हक हुनुपर्छ जस्तो लाग्छ कि लाग्दैन ?

क) लाग्छ ख) लाग्दैन

४१. तपाईंले कुन कुन विषयमा सम्पत्ति परिचालन गर्न सक्नुहुन्छ ?

क) किने बेचमा ख) सामान खरिदमा

ग) बाल बच्चाको शिक्षामा घ) खाना र भान्सामा

४२. बाल बच्चाको शिक्षामा वर्षमा तपाईंले कति सम्पत्ति आफैले परिचालन गर्न सक्नुहुन्छ ?

क) १० हजारदेख ५० हजासम्म ख) ५० हजारदेखि १ लाखसम्म

ग) १ लाखदेखि २ लाखसम्म घ) २ लाखदेखि माथि

४३. घरायसी सामान खरिदमा वर्षमा कति सम्पत्ति परिचालन गर्न सक्नुहुन्छ ?

क) १० हजारदेखि ५० हजारसम्म ख) ५० हजारदेखि १ लाखसम्म

ग) १ लाखदेखि २ लाखसम्म घ) २ लाखदेखि माथि

**सहयोगको लागि धन्यवाद ।**

# अनुसूची २

## पोखरा महानगरपालिकाको नक्शा

